# महान्यायाधिवक्ताको कार्यालय, नेपाल समक्ष

# बालबालिका संलग्न रहेका अपराधको प्रवृत्ति अध्ययन कार्यदलले पेश गरेको प्रतिवेदन

२०७५

**अध्ययन समूह**

| | |
|---|---|
| नायबमहान्यायाधिवक्ता श्री बद्रिप्रसाद गौतम | अनुगमनकर्ता |
| सहन्यायाधिवक्ता श्री गोपाल प्रसाद रिजाल | संयोजक |
| उपन्यायाधिवक्ता राजेश कुमार कटुवाल | सदस्य |
| उपन्यायाधिवक्ता दयाशंकर अधिकारी | सदस्य |
| उपन्यायाधिवक्ता ज्ञानप्रसाद भूसाल | सदस्य |
| प्रहरी नायव उपरिक्षक योगरन्द्र कुमार खड्का | सदस्य |
| शाखा अधिकृत सचित कुमार वाईवा | सदस्य |
| शाखा अधिकृत उर्मिला जि.सि | सदस्य सचिव |
| ना.सु. चन्दन कुमार ठाकुर | सहयोगी कर्मचारी |

# बालबालिका संलग्न रहेका अपराधको प्रवृत्ति अध्ययन

## कार्यदलका पदाधिकारीहरु

| | |
|---|---|
| नायबमहान्यायाधिवक्ता श्री बद्रिप्रसाद गौतम, महान्यायाधिवक्ताको कार्यालय, | अनुगमनकर्ता |
| सहन्यायाधिवक्ता श्री गोपाल प्रसाद रिजाल, महान्यायाधिवक्ताको कार्यालय, | संयोजक |
| उपन्यायाधिवक्ता राजेश कुमार कटुवाल, महान्यायाधिवक्ताको कार्यालय, | सदस्य |
| उपन्यायाधिवक्ता दयाशंकर अधिकारी, महान्यायाधिवक्ताको कार्यालय, | सदस्य |
| उपन्यायाधिवक्ता ज्ञानप्रसाद भूसाल, महान्यायाधिवक्ताको कार्यालय, | सदस्य |
| प्रहरी नायव उपरिक्षक योगरन्द्र कुमार खड्का, प्रहरी प्रधान कार्यालय, | सदस्य |
| शाखा अधिकृत सचित कुमार वाईवा, महान्यायाधिवक्ताको कार्यालय, | सदस्य |
| शाखा अधिकृत उर्मिला जि.सि, महान्यायाधिवक्ताको कार्यालय, | सदस्य सचिव |
| ना.सु. चन्दन कुमार ठाकुर, महान्यायाधिवक्ताको कार्यालय, | सहयोगी कर्मचारी |

**प्रतिवेदन प्रस्तुत मितिः** २०७५ साल आषाढ गते ।

# विषय सूची

## भाग एक
## अध्ययन सम्बन्धी परिचय


१.१ पृष्ठभूमी
१.२ कार्यदलको गठन र कार्यादेश
१.३ अध्ययनको उद्देश्य
१.४ समस्याको पहिचान
१.५ अध्ययनको सिमा
१.६ अध्ययन सम्बनन्धी कृयाकलाप
१.७ अध्ययन प्रतिवेदनको स्वरुप


## भाग दुई
## बाल अपराधको अबधारणागत व्यवस्था


२.१ अपराधको सामान्य परिचय
२.२ वाल अपराध (कानूनको द्वन्दमा परेका वालवालिका) सम्बन्धी प्रचलित कानून
२.३ न्यायीक दृष्टिकोण


## भाग तीन
## विषयबस्तुको अध्ययन तथा विश्लेषण


३.१ अध्ययन गरिएका मुद्दाका संक्षिप्त तथ्य
३.२ तथ्यको विश्लेषण
३.२.१ प्रदेशगत रुपमा अपराधको संख्यात्मक स्वरुप
३.२.२ प्रतिवादीको उमेर समूह/लिङ्ग अनुसार अपराधको प्रकृतिमा संलग्नता
३.२.३ नबालक प्रतिवादीमात्र संलग्न र वयस्कसंग मिलि गरेको अपराध
३.२.४ वारदात मिति, अभियोजन मिति र फैसला मितिको तुलनात्मक अध्ययन
३.२.५ अपराधका सम्बन्धमा स्वीकारोक्ति वा ईन्कारीको अवस्था
३.२.६ मागदावी अनुसार कसूर कायम / सफाईको अवस्था


## भाग चार
## निष्कर्ष तथा सुझाव


४.१ अध्ययनको निचोड तथा सुझाव


## भाग पाँच
## उपसंहार

# बालबालिका संलग्न रहेका अपराधको प्रवृत्ति अध्ययन

## पहिलो भाग
## सामान्य परिचय

### १.१ पृष्ठभूमीः

नेपालको संविधानले सरकारको मूख्य कानूनी सल्लाहकारको रुपमा महान्यायाधिवक्ताको व्यवस्था गरेको छ । महान्यायाधिवक्ता र निज मातहतका सरकारी वकीलहरुले संवैधानिक एवं कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकाले तोकिदिएको अन्य अधिकारीलाई कानूनी राय सल्लाह दिनुका साथै नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकारको तर्फवाट प्रतिनिधित्व गर्दछन् । संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायीक निकाय वा अधिकारीका समक्ष नेपाल सरकारको तर्फवाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तामा छ । महान्यायाधिवक्ताले प्रत्येक बर्ष आफूले सम्पादन गरेको कामको बार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेश गर्नुपर्ने र बार्षिक प्रतिवेदनमा अन्य कुराका अतिरिक्त सरकारवादी भई चल्ने मुद्दामा भविश्यमा गरिनुपर्ने सुधार तथा अपराधका प्रवृत्ति सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने संवैधानिक व्यवस्था छ ।

महान्यायाधिवक्तालाई संविधानले दिएको जिम्मेवारी सम्पादन गर्नका लागि सहयोग पुऱ्याउन महान्यायाधिवक्ताको कार्यालयमा अन्य बिभाग, महाशाखा तथा शाखाहरुका अतिरिक्त अपराधशास्त्रिय अनुसन्धान केन्द्रको समेत स्थापना गरिएको छ । अपराधको प्रवृत्ति, फौजदारी कानूनको कार्यान्वयनको अवस्था, विद्यमान दण्डनीतिको प्रभावकारीता लगायत अपराधका विभिन्न पक्षहरुको व्यवस्थित अध्ययन तथा अनुसन्धान गरी फौजदारी न्याय प्रणालीमा गरिनु पर्ने सुधार सम्बन्धी सुझाव दिनका साथै अपराधको रोकथाम र नियन्त्रण तथा फौजदारी कानूनको प्रभावकारी कार्यान्वयनका लागि अपराधका कारण, प्रकार, संलग्नता, शैली र तरिका, अपराधको प्रवृत्ति तथा अपराधले समाजमा पारेको प्रभाव र ल्याउने परिणामहरु जस्ता विभिन्न पक्षहरुको अध्ययन अनुसन्धान गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयले अपराधशास्त्रिय अनुसन्धान केन्द्रको स्थापना गरेको हो ।

अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापना गर्नुको पछाडि देहायका उद्देश्यहरु रहेको देखिन्छः

- केन्द्रलाई स्वतन्त्र, सुदृढ, सक्षम र प्रभावकारी संस्थाको रुपमा विकास गर्ने,
- विभिन्न अपराधका प्रवृत्ति र अपराध गर्ने व्यक्तिको आचरण, व्यवहार र अवस्थाको अध्ययन, विश्लेषण गरी अपराध हुने कारकतत्वको पहिचान गर्ने,
- अपराधवाट पीडित हुने महिला, पुरुष, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएकामा परेको असर र प्रभावको अवस्था अध्ययन गर्ने,

- प्रचलित फौजदारी कानूनको अध्ययन-अनुसन्धान गरी समयसापेक्ष र अध्यावधिक गराउन सिफारिस गर्ने,
- फौजदारी न्यायसंग सम्बन्धित नीतिगत विषयमा अनुसन्धानमूलक कार्यक्रमको निर्माण, संचालन र कार्यान्वयन गर्ने,
- केन्द्रले गरेका अध्ययन अनुसन्धान तथा निश्कर्षका कार्यलाई संरक्षण र उपयुक्त माध्यमवाट सार्वजनिकरण गर्ने।

उल्लिखित उद्देश्य प्राप्तीका लागि महान्यायाधिवक्याको कार्यालयमा कार्यरत सहन्यायाधिवक्ता — १ , उपन्यायाधिवक्ता — २, शाखा अधिकृत — १ र १ जना सहायक स्तरका कर्मचारीलाई अपराधशास्त्रिय अनुसन्धान केन्द्रको समेत काम गर्ने गरी जिम्मेवारी तोकी महान्यायाधिवक्ताको कार्यालयको कार्यसञ्चालन तथा कार्य विवरण निर्देशिका, २०७३ मा अपराधशास्त्रीय अनुसन्धान केन्द्रवाट देहाय बमोजिमका कार्यहरु सम्पादन हुने उल्लेख छः

१. बिभिन्न निकायहरुबाट अपराधको सूचना संकलन गर्ने प्रकृया अध्ययन गर्ने, आवश्यक देखिएका सुचनाहरुको तथ्यांक समेत सम्बद्द निकाय सँगको समन्वयका आधारमा संकलन गरी व्यवस्थित रुपमा राख्ने एवं यस्ता सुचना तथा तथ्यांकहरु संरक्षण गर्ने ।
२. सूचना संकलन र तथ्यांक व्यवस्थापनका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाल प्रहरी, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्दिकरण बिभाग, बैदेशिक रोजगार विभाग, भन्सार विभाग, नेपाल राष्ट बैकं, तथ्यांक विभाग, राष्टिय योजना आयोग तथा सम्बद्द अन्य निकाय संग समन्वय गरी कार्य प्रारभ्भ गर्ने ।
३. अपराधको कारण, प्रवृत्ति, रोकथामका लागि अपनाइएका उपायहरुको प्रभावकारिता तथा अपराधका विभिन्न आयामहरुको अध्ययन अनुसन्धान गर्ने ।
४. दण्डनीति, यसको प्रयोग तथा परिणाम समेतको अध्ययन गरी अपराध र दण्डको अनुपात सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने र परिमार्जनको लागि सम्बद्द निकायमा आवश्यक सुझाव पेश गर्ने ।
५. अपराधको समाजमा परेको असर, अपराध गर्ने व्यक्तिको कृयाकलाप र प्रकृति सम्वन्धी अध्ययन गर्ने ।
६. अनुसन्धानवाट प्राप्त तथ्यका आधारमा विद्यमान कानुन र संस्थागत संरचनामा गरिनुपर्ने सुधारका उपायहरु सुझाउने ।
७. फौजदारी कानुनको कार्यान्वयनको प्रभावकारिताका सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने । (यसमा फौजदारी मुद्दा सफलताको अवस्था, मुद्दाका प्रबृत्तिहरु, निर्देशन र अभियोजन सम्बन्धमा अदालतबाट भएका टिप्पणीहरुको अध्ययन र संबोधन गरिनुपर्ने बिषयहरु, अनुसन्धानको वैज्ञानिकीकरण तथा आधुनिकीकरण, अभियोजनमा प्रभावकारिता तथा प्रभावकारी प्रतिरक्षा प्रणाली विकास गर्ने सम्बन्धमा अनुसन्धान गर्ने, अनुसन्धान प्रतिवेदन प्रकाशन समेतका कार्य)

८. फौजदारी मुद्दामा सर्वोच्च अदालतबाट भएका, विदेशी अदालतका फैसलाहरु, अपराध सम्बन्धी पुस्तक आदिको संकलन, अध्ययन र अनुसन्धान गर्ने।

९. अपराधको अनुसन्धान र अभियोजनमा स्तरीयता र एकरुपता कायम गर्ने, अभियोगपत्रका सम्बन्धमा अध्ययन गर्ने, अनुसन्धान र अभियोजनका देखिएका समस्याहरुका सम्बन्धमा र अनुसन्धान र अभियोजनमा सफलता र असफलताको पहिचान गर्ने तथा भविष्यमा फौजदारी मुद्दा र न्याय प्रणालीमा आउने जोखिम, समस्या आदिको न्युनीकरणका उपायबारे अनुसन्धान र अध्ययन गर्ने ।

१०. व्यवस्थापिका—संसद र अन्तर्गतका समितिमा रहेका विधेयकहरूमा गर्नुपर्ने सुधारको सम्बन्धमा सुझाव तयार गर्ने ।

११. नयाँ किसिमका अपराधको परिभाषा र कसूरदारलाई सजाय गर्न आवश्यक पर्ने कानूनको पहिचान गर्ने ।

१२. अपराधहरू र विद्यमान कानूनी संरचनाबीचको खाडल (न्बउक) को अध्ययन अनुसन्धान गर्ने ।

१३. नेपाल सरकारबाट मस्यौदा भएका विधेयकहरूमा राय÷प्रतिक्रिया दिने ।

१४. प्रचलित कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आईपरेमा वा कुनै विषयमा कानून बनाउनु पर्ने वा भइरहेको कानून संशोधन गर्न वा बनिरहेको कानून लागू गर्नुपर्ने देखिएमा नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

१५. विभिन्न मन्त्रालयहरूबाट तयार गरिएका कानूनका मस्यौदाहरू वा संशोधन प्रस्तावहरू उपर अध्ययन गरी त्यस्ता प्रस्तावहरूमा गर्नु पर्ने सुझावहरू तयार गर्ने ।

१६. विद्यमान कानून संशोधन वा नयाँ कानूनको तर्जुमा सम्बन्धमा सरोकारवाला निकाय, व्यक्ति वा विज्ञहरूसँग अन्तरक्रिया र छलफल गर्ने ।

१७. महान्यायाधिवक्ताले तोकेका मुद्दाहरूमा बहस पैरवीको काम गर्ने ।

फौजदारी न्याय प्रणालीको प्रमुख कार्य नै अपराधको नियन्त्रण गर्नु भएको र अपराधको नियन्त्रण भित्र केवल अपराध घटे पछि दण्डात्मक विधि अवलम्बन गर्ने भन्दा अपराध गर्न नदिने रोकथाममूलक विधि महत्वपूर्ण रहेको हुन्छ। फौजदारी न्याय प्रशासनलाई सवल र सक्षम बनाउनका लागि अपराधको रोकथाम, दण्ड सजाय सम्बन्धी व्यवस्था त्यसको प्रयोग र समाजमा परेको प्रभाव, अपराध पीडितको न्यायमा पहुँच तथा अपराध गर्ने व्यक्तिको आचरण, प्रवृत्ति जस्ता विविध पक्षहरुको अध्ययन अनुसन्धान गर्ने अपराधशास्त्रिय अनुसन्धान केन्द्रको जिम्मेवारी ज्यादै महत्वपूर्ण, गहन र चुनौतीपूर्ण रहेको र पछिल्ला दिनहरुमा यो केन्द्रले अपेक्षित क्रियाकलाप र उपलब्धी हाँसिम गर्न नसकेको हुँदा अपराधशास्त्रिय अनुसन्धान केन्द्रको स्थापनाको उद्देश्य र यस केन्द्रलाई सुम्पिएको जिम्मेवारी अनुरुप केन्द्रलाई जीवन्त बनाइराख्न जरुरी छ ।

## १.२ कार्यदलको गठन र कार्यदिशः

अपराधशास्त्रीय अनुसन्धान केन्द्रलाई जीवन्त वनाई राख्न साथै महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चबर्षिय रणनीतिक योजनाको कार्यान्वयनको सन्दर्भमा स्वीकृत बार्षिक कार्यक्रममा अपराधको प्रवृत्ति विश्लेषण गरी अध्ययन प्रतिवेदन तयार गर्ने कार्यक्रम रहेकोले यसका लागि महान्यायाधिवक्ताको कार्यालयको मिति २०७४।१०।२४ को निर्णय अनुसार नायबमहान्यायाधिवक्ता श्री बद्रिप्रसाद गौतमको अनुगमन, सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजालको संयोजकत्वमा उपन्यायाधिवक्ता राजेश कुमार कटुवाल, उपन्यायाधिवक्ता दयाशंकर अधिकारी, उपन्यायाधिवक्ता ज्ञानप्रसाद भूसाल, प्रहरी प्रधान कार्यालयका प्रतिनिधि, शाखा अधिकृत सचित कुमार वाईवा  सदस्य र शाखा अधिकृत उर्मिला जि.सि. सदस्य सचिव एवं ना.सु. चन्दन कुमार ठाकुर सहयोगी कर्मचारी रहने गरी यो कार्यदलको गठन भएको हो ।कार्यदललाई देहाय बमोजिम कार्यदिश प्राप्त छः

१. अपराधको प्रवृत्तिको विश्लेषण सम्बन्धी अनुसन्धानमूलक अध्ययनका लागि उपयुक्त विषय चयन गरी अध्ययन प्रतिवेदन तयार गर्ने,
२. अध्ययन प्रतिवेदनको मस्यौदा उपर कम्तिमा एक पटक सम्बद्ध सरोकारवालाहरुसंग समूहगत छलफल गरी सुझाव संकलन गर्नु पर्ने,
३. कार्यदिश प्राप्त भएको मितिले १५ दिन भित्र अध्ययनको प्रारुप योजना, अनुसन्धान तथा अनुगमन विभाग समक्ष पेश गर्नु पर्दछ । कार्य सम्पादनको क्रममा कुनै निकाशा लिनु परेमा सम्बन्धित अनुगमनकर्ता वा योजना, अनुसन्धान तथा अनुगमन विभागका नायव महान्यायाधिवक्तावाट लिन सकिने,
४. कार्यदलले अनुसन्धान कार्यका लागि रु. एक लाख बजेट (ब.शी. नं. २.१५.४०.११) छुट्याइएको छ । प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानून बमोजिम सो रकम खर्च गर्ने,
५. कार्यदलले कायदिश प्राप्त भएको मितिले तीन महिना भित्र अनुसन्धानमूलक अध्ययन प्रतिवेदनको ढाँचामा अन्तिम प्रतिवेदन तयार गरी महान्यायाधिवक्ताको कार्यालयमा पेश गर्नु पर्नेछ ।

## १.३ अध्ययनको उद्देश्यः

कार्यदल गठन हुँदा यसले गर्निपर्ने अध्ययनको विषय निर्धारण नगरी अपराधको प्रवृत्तिको विश्लेषण सम्बन्धी अनुसन्धानमूलक अध्ययनका लागि उपयुक्त विषय चयन गर्न जिम्मेवारी समेत यस कार्यदललाई नै प्रदान गरिएको थियो । कार्यदलले नेपाल सरकार वादी भई मुद्दा चलाइएका १६ बर्ष उमेर सम्मका वालबालिकाहरु प्रतिवादी भएका फौजदारी अपराधहरुलाई आफ्नो अध्ययनको विषय चयन गरेको छ । बालन्याय सम्बन्धी अन्तराष्ट्रिय कानून, नेपालको संविधान लगायत प्रचलित कानून र सर्बोच्च अदालतवाट यस सम्बन्धमा प्रतिपादित नजिरवाट स्थापीत मूल्य र मान्यता अनुरुप बालबालिका संलग्न भएका अपराधहरुमा अपराधको अनुसन्धान, अभियोजन तथा मुद्दाको सुनुवाईको अवस्था के कस्तो छ, के कस्ता अपराधहरुमा वालबालिकाको संलग्नताको अवस्था के कस्तो रहेको छ, छानिएका जिल्लावाट प्राप्त नक्कल मिशिलवाट खुलेको तथ्यको आधारमा विभिन्न कोणवाट बालबालिकाको संलग्नताको विश्लेषण गरी बस्तुपरक ढंगले निष्कर्ष निकाल्ने र निकालेको निचोडको

आधारमा आगामी दिनहरुमा गर्नु पर्ने सुधारको वारेमा सुझाव दिनु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

### १.४ समस्याको पहिचानः

बालबालिका संलग्न भएका अपराधहरुमा न्याय प्रशासम गर्ने सम्बन्धमा देशको संविधान कानून तथा सर्वोच्च अदालतवाट प्रतिपादित नजिरवाट निर्देशन भए बमोजिम अपराधको अनुसन्धान तथा अभियोजनमा बाल सुलभ र बालबालिकाको सर्बोत्तम हित अनुकूल कार्य गर्ने गरिएको छैन, नाबालकलाई जबर्जस्ती साबालक बनाई अभियोजन गर्ने गरिएको छ भन्ने जस्ता सरकारी वकीलको कार्यसम्पादन सम्बन्धी नकारात्मक टिप्पणी आउने गरेको सन्दर्भमा बालबालिका संलग्न रहेका मुद्दाहरुमा वर्तमान अवस्थाको विश्लेषण गरी भविश्यमा गर्नुपर्ने सुधार पहिल्याउन आवश्यक भएको।

### १.५ अध्ययनको सिमाः

नेपाल सरकार वादी भई मुद्दा चलाइएका १६ बर्षसम्मका वालबालिकाहरु प्रतिवादी भएका देश भरका फौजदारी अपराधहरुको अध्ययन गर्न सिमित समय, स्रोत र शाधनको कारण असंभव हुने भएकाले कार्यदलको वैठकको निर्णय अनुसार देशका सवै प्रदेशलाई समेटिने गरी देहाय बमोजिमका जिल्लाहरुलाई छनौट गरी ती जिल्लाका जिल्ला सरकरी वकील कार्यालयहरुवाट मुद्दा चलाउने निर्णय भई दायर भएका आ.व. २०७१/०७२, २०७२/०७३, र २०७३/०७४ का १६ बर्ष उमेर सम्मका वालबालिकाहरु प्रतिवादी भएका मुद्दाका महत्वपूर्ण कागजातहरु संलग्न रहेका तत् जिल्लाहरुवाट प्राप्त भएका मिशिलहरुको अध्ययन गरिएको छः

**प्रदेश नं. १ कोः ईलाम, झापा र मोरङ ।** **प्रदेश नं. २ कोः ससरी, धनुषा र पर्सा ।**
**प्रदेश नं. ३ कोः काठमाण्डौ, नुवाकोट र चितवन ।** **प्रदेश नं. ४ कोः कास्की, स्याङ्जा र तनहुँ ।**
**प्रदेश नं. ५ कोः पाल्पा, बाँके र रुपन्देही ।** **प्रदेश नं. ६ कोः सुर्खेत, जुम्ला र रुकुम पश्चिम ।**
**प्रदेश नं. ७ कोः कैलाली, डडेल्धुरा र बझाङ ।**

उल्लेखित जिल्लाका जिल्ला सरकारी वकील कार्यालयहरु मध्ये १४ जिल्लावाट प्राप्त भएका विभिन्न ८१ वटा मुद्दाका फाईलहरु नै तत् तत् बर्षका सम्पूर्ण फाइल हुन र फाइलमा माग भए बमोजिमका संकलन भए सम्मका सम्पूर्ण कागजातहरु संलग्न गरिएका छन् भन्ने विश्वालले अध्ययन गरिएको छ।

### १.६ अध्ययन सम्बन्धी कृयाकलापः

कार्यदलले आफूलाई सुम्पिएको जिम्मेवारी कार्यालय समय बाहेक र विदाका दिनहरु समेत उपयोग गरी निर्बाह गरेको छ । कार्यदलका सदस्यहरु वीच छलफल गरी कार्यदलको कार्यदिशको वारेमा जानकार भई सर्वप्रथम कार्यदलले अध्ययन गर्ने विषय छनौटको गृहकार्य गऱ्यौं । बालबालिका संलग्न रहेका मुद्दाहरुको वारेमा अनुसन्धानात्मक अध्ययन गर्ने निश्कर्मा पुग्यौं ।

सिमित समय र स्रोतमा ब्यस्त जनशक्तिवाट कार्यदललाई सुम्पिएको जिम्मेवारी सफलता पूर्वक निर्बाह गर्न योजनाबद्ध ढंगले अगाडी बढ्नुपर्ने आवश्यकतालाई महसूस गरी कार्यदलको कार्य योजना तयार गरी कार्यदलको वैठकवाट स्वीकृत गरेका छौं । कार्यालयको अन्य कार्य व्यस्तताको कारण निर्धारित कार्य योजनालाई पूर्णरुपमा पालना गर्न नसकिएता पनि सो कार्य योजनाले एउटा पद्दतीमा काम गर्न निकै सघाउ पुऱ्याएको छ ।

सम्वन्धित सरकारी वकील कार्यालयहरुवाट मिशिलमा रहेका मूख्य कागजातहरु जस्तै अपराधको सूचना (जाहेरी) , अभियुक्तको बयान, बुझिएका मानिसहरुको कागज, उमेर खुलेको कागज, सामाजिक अध्ययन प्रतिवेदन, अभियोग पत्र, अदालतमा भएको बयान, बकपत्र, अन्य कागज प्रमाण र फैसला भएको भए सो समेतको प्रतिलिपी समावेश गरी छुट्टा छुट्टै फाइल तयार गरी महान्यायाधिवक्ताको कार्यालयमा पठाउन अनुरोध गरी र पुनःस्मरण गराई फाइल प्राप्त गरिएको छ।

प्राप्त फाइलहरुमा रहेका तथ्याङ्कलाई अभीलेख गर्न ढाँचा तयार गरी विषयवस्तुको अभिलेखिकरण र तालिकीकरण गरिएको छ । तालिका बमोजिमको तथ्याङ्कलाई विभिन्न विषय/ तरिका अनुरुप पुनः तालिकीकरण र विश्लेषण गर्ने काम भएको छ । यसरी तथ्यको विश्लेषण गर्दा प्रदेशगत रुपमा अपराधको संख्यात्मक स्वरुप, प्रतिवादीको उमेर समूह / लिङ्ग अनुसार अपराधको प्रकृतिमा संलग्नता, नाबालक प्रतिवादीमात्र संलग्न र वयस्कसंग मिलि गरेको अपराध, वारदात मिति, अभियोजन मिति र फैसला मितिको तुलना, अपराधका सम्बन्धमा स्वीकारोक्ति वा ईन्कारीको अवस्था, मागदावी अनुसार कसूर कायम / सफाईको अवस्था आदिका आधारमा गरिएको छ ।

कार्यदलबाट गरिएका हरेक कृयाकलाप सदस्य तथा विज्ञहरुसंगको औपचारिक तथा अनौपचारिक छलफल र परामर्शमा आधारित छ । बालअपराध सम्बन्धी शैद्धान्तिक अबधारणागत कुराहरुका लगि पूर्व लिखित सामग्री समेतको अध्ययन गरि यथा स्थानमा सो को उद्धरण समेत गरिएको छ । मिशिलमा रहेका कागत प्रमाणलाई आधार लिई कार्यदलको प्रतिवेदनलाई ज्यादा वस्तुपरक वनाउने प्रयास गरिएको छ । विषयवस्तुको अध्ययन र प्रतिवेदन निर्माण गर्ने कामको लागि निवासमा रहदाको समयको पनि उपयोग गरिएको छ । कार्यालय समय बाहेकको समयलाई र विदाका दिनलाई उपयोग गरी कार्यदलका ......... बैठक बसेका छन् । कार्यदलबाट तयार गरिएको प्रतिवेदनको प्राम्भीक स्वरुपमा मिति ............ मा सरोकारवाला तथा विज्ञहरुसंग अन्तरक्रिया गरी सुझाव संकलन गरी प्रतिवेदनलाई परिमार्जन समेत गरी यो स्वरुपमा ल्याइएको हो ।

**१.७ अध्ययन प्रतिवेदनको स्वरुप**

कार्यदलको प्रतिवेदन पाँच भागमा विभक्त छ; पहिलो भागमा अध्ययन सम्बन्धी परिचय अन्तरगत पृष्ठभूमी, कार्यदलको गठन र कार्यदिश, अध्ययनको उद्देश्य, समस्याको पहिचान, अध्ययनको सिमा, अध्ययन सम्बन्धी कृयाकलाप र अध्ययन प्रतिवेदनको स्वरुपका वारेमा उल्लेख गरिएको छ । दोस्रो भागमा बाल अपराधको अबधारणागत व्यवस्था शिर्षकमा अपराधको सामान्य परिचय, वाल अपराध (कानूनको द्वन्दमा परेका

वालवालिका) सम्बन्धी प्रचलित कानून, न्यायीक दृष्टिकोण उल्लेख गरिएको छ । तेस्रो भागमा विषयबस्तुको अध्ययन तथा विश्लेषण शिर्षकमा अध्ययन गरिएका मुद्दाका संक्षिप्त तथ्य, तथ्यको विश्लेषण, सो अन्तरगत प्रदेशगत रुपमा अपराधको संख्यात्मक स्वरुप, प्रतिवादीको उमेर समूह/लिङ्ग अनुसार अपराधको प्रकृतिमा संलग्नता, नाबालक प्रतिवादीमात्र संलग्न र वयस्कसंग मिलि गरेको अपराध, वारदात मिति, अभियोजन मिति र फैसला मितिको तुलनात्मक अध्ययन, अपराधका सम्बन्धमा स्वीकारोक्ति वा ईन्कारीको अवस्था, मागदावी अनुसार कसूर कायम / सफाईको अवस्थाका आधारमा विभिन्न तालिका बनाई विश्लेषण गरिएको छ । चौथो भागमा निष्कर्ष अन्तरगत अध्ययनको निचोड र सुझाव तथा पाचौ भागमा उपसंहार राखिएको छ । यसरी यो प्रतिवेदन जम्मा ....... पृष्ठको रहेको छ ।

## भाग दुई
## बाल अपराध सम्बन्धी अबधारणागत पक्ष

### २.१ अपराधको सामान्य परिचयः

प्रत्येक राज्यको प्राथमिक कर्तव्य देशमा शान्ति सुव्यवस्था, अमन चयन कायम राखि त्यस देशमा बस्ने मानिसको जीउ धनको सुरक्षा गर्नु हो । समाजमा घटित हुने अवाञ्छित कृयाकलाप (गर्न नहुने काम)लाई राज्यले कानून बनाएर अपराध धोषित गरी त्यस्ता कार्य गर्ने व्यक्तिलाई सजाय(दण्ड) दिने व्यवस्था गरेको हुन्छ । अपराध गरेपछि त्यस्तो व्यक्तिले सजाय पाउनुपर्छ, तर त्यस्तो सजायको निर्धारण अपराधमा संलग्नताको स्तर र प्रकृति अनुसार निर्धारण हुने गर्छ ।

अपराध शब्दको सरल र सर्वस्वीकार्य परिभाषा गर्न सहज छैन । सामान्य अर्थमा कानून निषिद्ध त्यस्ता कार्य जस वापत सजायको व्यवस्था गरिएको हुन्छलाई अपराध भनिन्छ । **Black's Law Dictionary** मा समेत अपराधको परिभाषा गर्दा A crime is an act committed or omitted, in violation of a public law, either forbidding or commanding it; a breach or violation of some public right or duty due to a whole community, considered as a community. In its social aggregate capacity, as distinguished from a civil injury. Wilkins v. U. S [1] भनिएको छ ।

हरेक देशको कानूनले गर्न नहुने भनेको काम गरेको (Act of Commission) र गर्न पर्ने भनेको काम नगरेको (Act of Omission)लाई अपराधको श्रेणीमा राखेको पाईन्छ । नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (थ) मा [2] कसूर- यो शब्दले प्रचलित कानून बमोजिम गरेमा वा नगरेमा सजाय हुने कार्य संझनु पर्छ भन्ने उल्लेख छ ।

समाजमा अपराध घटित हुनमा विभिन्न कारक तत्व जस्तो कि आर्थिक, मनोवैज्ञानिक, शारीरिक,आचरणगत आदि, जिम्मेवार हुन सक्दछन् । अपराध गर्ने व्यक्तिले विभिन्न परिस्थति, अवस्था र कारणले अपराध गर्न पुगेको हुन्छ । अपराध हुनासाथ सबै परिस्थितिमा एकै किसिमले

[1] https://thelawdictionary.org/crime/
[2] नेपाल ऐन संग्रह खण्ड २ , कानून किताव व्यवस्था समिति, पेज ५ ।

सजायको भागिदार बनाइनु हुदैन । अपराध सम्बन्धी कानूनको मकशद पनि कसूरको मात्रा वा अपराधको गाम्भिर्यता अनुसार सजाय गर्ने भन्ने हुन्छ । अपराधको गाम्भिर्यता बढाउने वा कम गर्ने भन्ने कुरा अपराध गरेको पटक, अपराधिक मनशायको स्वरुप, अपराध गर्दाको परिस्थति, अपराध गर्नुको कारण, अपराध गर्नेको चेतनाको स्तर, उमेर, अवस्था आदिमा निर्भर हुन्छ । जुन सुकै कारणले, जे जस्तो अपराध भएता पनि अपराध मुक्त समाजको निर्माणमा लाग्नु राज्यको दायित्व हो । अपराध विहिन समाजको परिकल्पना गर्न नसकिए पनि समय सापेक्ष रुपमा अपराधको परिभाषा परिमार्जन गरी अपराध हुन नपाउने वातावरणको निर्माण, घटित अपराधमा शंकारहित तवरवाट अपराध गर्नेको पहिचान गरी अपराधिलाई सजाय र अपराध पीडितलाई राहतका साथै सुरक्षित तवरले समाजमा पुनस्थापित गराउनु राज्यको कर्तव्य भित्र पर्दछ ।

### २.२ बाल अपराध (कानुनको द्वन्द्वमा परेका बालबालिका) सम्बन्धि कानून

बालबालिकाबाट हुने कानूनको उल्लङ्घन अर्थात बालबालिका कानूनको द्वन्द्वमा परेको अवस्थालाई यहाँ बाल अपराध भन्न खोजिएको हो । फौजदारी कानूनको उल्लङघन गर्नेलाई कानून बमोजिम कारवाही चलाई सजाय दिलाउनुको उद्देश्य अपराधवाट समाजवाट वचाउने, दण्डको भयका माध्यमवाट जो कोहीलाई कानूनको उल्लङ्धन हुन नदिने, कानूनी कारवाहीमा परेको व्यक्तिलाई सुधार गरी सचेत नागरिकको रुपमा समाजमा पुनस्थापना गराउने हो । बालबालिका र बयस्क व्यक्तिको कानूनी हैसियत र कानून उल्लङ्घन प्रतिको जवाफदेहिता फरक हुने भएकाले बालकले गरेको अपराधलाई कानूनको द्वन्दमा परेको अवस्थाको रुपमा लिई न्याय प्रशासन सम्बन्धी काम कारबाहीमा पनि बयष्क भन्दा बालबालिका प्रति फरक व्यवहार र कार्यविधि अपनाउने गरिन्छ । अपराध अनुसन्धान, अभियोजन र न्याय निरुपण तथा कार्यान्वयनका हरेक चरणमा बालसुलभ वाताबरणमा बालबालिकाको सर्वोत्तम हीतलाई ख्याल गरी गर्नु पर्ने विश्वब्यापी मान्यता विकास भएको र हाम्रो संविधान तथा कानूनमा यस सम्बन्धि स्पष्ठ व्यवस्था गरिएको छ । बाल न्याय प्रणालीमा किशोर अवस्थाका व्यक्तिहरुलाई कसरी स्वच्छ न्याय प्रदान गर्न सकिन्छ भन्ने दृष्टिकोण अंगालिएको हुन्छ ।बालबालिका दोषी देखिए पनि हानिकारक सजायबाट दिशान्तरण गर्ने, वयष्कवाट अलग राखि अपराध गर्नुको कारण पछाडि रहेको आवश्यकतालाई परिपूर्ति गरिदिंदै पुनस्थापनामा जोड दिइन्छ । बालबालिकाहरु परिस्थितिको कारण कानूनको द्वन्द्वमा पर्दछन्, यीनिहरु अपरिपक्व हुन्छन्, सवै प्रकारका कानूनको द्वन्द्वमा परेका बालबालिकालाई समान व्यवहार गर्नु पर्दछ, बालबालिकालाई कम भन्दा कम बन्देजात्मक वातावरणमा राख्नु पर्दछ र राज्य नै बालबालिकाको संरक्षक हो भन्ने मान्यता बालन्याय प्रणालीले राखेको हुन्छ ।

### २.३ अन्तराष्ट्रिय दस्तावेजः

**बाल अधिकार सम्बन्धी महासन्धी १९८९**[3]

[3] http://www.ohchr.org/EN/ProfessionalInterest/Pages/CRC.aspx

संयुक्त राष्ट्रसंघको महासभाको प्रस्ताव नं. ४४/२५ वाट २० नोभेम्बर सन् १९८९ मा पारित भएको वालअधिकार सम्बन्धी महासन्धीले वालवालिकाका सम्बन्धमा मौलिक र एकिकृत व्यवस्था गरेको छ । यो महासन्धीले मूख्य गरेर वालवालिकाका सम्बन्धमा भेदभाव रहितता (*non-discrimination-* ***Article 2***), सर्बोत्तम हीत (*best interests of the child -* ***Article 3),*** जीवनको अधिकार (*child's right to life, survival and development -* ***Article 6*** ) र उचित सुनुवाई (*right to be heard -* ***Article 12***) जस्ता सिद्धान्तलाई आत्मसाथ गरेको छ ।

**General Comment No. 10, Children's Rights in juvenile justice**[4]

बाल अधिकार सम्बन्धी महासन्धीको प्रभावकारी कार्यान्वयनको लागि Committee on the Right of the Child को ४४औं सभाले २५ अप्रिल २००७ मा General Comment No. 10, Children's Rights in juvenile justice पारित गरि सदस्य राष्ट्रहरुले वालन्याय सम्बन्धी बृहत नीति comprehensive juvenile justice policy, तर्जुमा गरी कार्यान्वयनमा ल्याउन जोड दिएकोछ ।

**UN Rules for the Protection of Juveniles Deprived of their Liberty**[5]

संयुक्त राष्ट्रसंघ महासभावाट प्रस्ताव नं. ४५\११३ वाट १४ डिसेम्बर १९९० मा ग्रहण गरिएको स्वतन्त्रतावाट वन्चित बालबालिकाहरुको संरक्षण सम्बन्धी नियमहरुले यो नियमको मौलिक प्रयोजन, यसको प्रयोगको क्षेत्र र परिपालना, सुनुवाईका क्रममा रहेका बालवालिकाका सम्वन्धमा गर्नु पर्ने गर्नु पर्ने व्यबहार, वालबालिकाले प्राप्त गर्ने सुविधा व्यबस्थापनका कुराहरु तथा बालन्याय संग सम्बन्धित कर्मचारीका योग्यता, कर्तव्य र आचरणका सम्बन्धमा विस्तृत नियमहरुको व्यवस्था गरेको छ ।

**UN Standard Minimum Rules for the Administration of Juvenile Justice**[6]

सुयुक्त राष्ट्रसंघको साधारण सभाले प्रस्ताव नं. ४०\३३ , मिति २९ नोभेम्बर १९८५ मा पारीत बालन्याय प्रशासनका न्यूनतम नियमहरु (बेङजिङ्ग नियमहरु) विभिन्न ६ भाग र ३० नियममा विभक्त छ । **पहिलो भाग** सामान्य सिद्धान्त अन्तर्गत मौलिक प्रयोजन, क्षेत्र, परिभाषा, नियमको विस्तार, अपराधिक दायित्वको उमेर, वालन्यायको उद्देश्य, वालन्याय प्रशासनको क्षेत्र, बालबालिकाका अधिकारहरु, गोपनियताको रक्षा, वचाउ प्रावधानका वारेमा उल्लेख गरेकोछ भने **दोश्रो भागमा** कानूनको द्वन्दमा परेका बालबालिकासंग सम्बन्धित घटनाको अनुसन्धान तथा अभियोजन सम्बन्धी नियम, जस अन्तरगत - बालबालिकासंगको सम्पर्क, दिशान्तरण, प्रहरिको विशिष्टीकरण, पुर्पक्ष गर्दा थुनालाई निषेध गर्ने सम्वन्धी नियमहरु उल्लेखछ । **तेश्रो भागमा** सुनुवाई र कार्यान्वयनका सम्बन्धी नियमहरु छन्, जसमा न्याय निरुपण गर्ने सक्षम निकाय हुनु पर्ने, सामाजजिक अध्ययन प्रतिवेदन, न्याय निरुपण तथा कार्यान्वयनका निर्देशक सिद्धान्तहरु, कार्यान्वयनका विभिन्न वैकल्पिक तरिकाहरु अपनाउने, थुनामा राख्ने संस्थागत उपायलाई निरुत्साहित गर्ने , ढिलासुस्तीलाई निषेध गर्ने, तथ्याङ्कको गोपनियता कायम गर्नुका साथै पेशागत व्यवसायिकता र तालिमका विषयमा विस्तृत व्यवस्था गरिएकोछ

[4] विस्तृत जानकारीको लागि हेर्नुहोस् http://www.refworld.org/docid/4670fca12.html, हेरिएको मिति २४ मे २०१८,

[5] हेर्नुहोस् http://youthjusticenc.org , हामीले हेरेको २४ मे सन् २०१८,

[6] https://www.ncjrs.gov/pdffiles१/Digitization/१४५२७१NCJRS.pdf, हेरिएको २४ मे २०१८,

।**चौथो भाग** गैर संस्थागत उपचार अन्तरगत वालवालिका संलग्न कानून उलंघनका सम्वन्धमा भएका फैसलाको प्रभावकारी कार्यान्वयन गर्ने, वालबालिकालाई आवश्यक सहयोग उपलब्ध गराउने, स्वयंसेवक र सामाजिक सेवा प्रदायक संघ संस्थाहरुलाई परिचालन गर्ने सम्बन्धी व्यवस्था छ । **पाँचौ भाग** संस्थागत उपचार अन्तरगत संस्थागत उरचारका उद्देश्य, बन्दी प्रति गरिनु पर्ने न्यूनतम मापदण्ड सम्बन्धी आधारभूत नियमहरुको पालना गरिनु पर्ने, थुना अवधी भित्रै नितन्तर बाह्य सम्पर्कको पहूचको प्रत्याभूती हुनु पर्ने आदि विषय छन् । अन्तिम **छैठौ भागमा** बालन्यायको प्रभावकारीता सम्बन्धमा अनुसन्धान, योजना, नीति निर्माण र मुल्याङ्कन गर्नु पर्ने सम्बन्धमा उल्लेख छ ।

## २.३ नेपाल कानून

### संवैधानिक व्यवस्था

नेपालको सवैधानिक ईतिहाँसमा मौलिक हकको रुपमा नेपालको अन्तरिम संविधान, २०६३ ले पहिलो पटक बालबालिकाको हक स्थापित गरेको थियो[7] । वर्तमान संविधानको धारा ३९ मा समेत बालबालिकाको हक शिर्षकमा नामाकरण र जन्मदर्ता, शिक्षा, स्वास्थ्य, पालन पोषण, स्याहार, खेलकूद मनोरञ्जन, सर्वाङ्गिण व्यक्तित्व विकास, सहभागिता, जोखिमपूर्ण कामवाट शुरक्षा, वालविवाह, गेरकानूनी ओसारपसार, अपहरण वा बन्धक विरुद्धको अधिकार, कुनै पनि किसिमको यातना, बाल शोषण वा अनुचित प्रयोग गर्न नहुने र वाल अनुकूलको न्याय प्रदान गर्नुपर्ने कुरालाई मौलिक हकको रुपमा राखि यस विपरितका कार्य दण्डनीय भइ पीडकवाट क्षेतिपूर्ति पाउने हकलाई समेत संरक्षण गरेको छ । बालबालिकाको सर्वोत्तम हितलाई प्रथमिक रुपमा ध्यान दिने कुरालाई समेत राज्यको सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा राखिएको छ ।[8]

### अन्य कानूनी व्यवस्था

बालबालिकाको हकहितको संरक्षण गरी तिनीहरुको शारीरिक, मानशिक बौद्धिक विकास गर्ने उद्देश्य साथ बालबालिका सम्बन्धी ऐन, २०४८ [9], बालबालिका सम्बन्धी नियमावली, २०५१ [10] जारी भई कार्यान्वयनमा छन् । उक्त ऐन तथा नियमावलीले बालबालिकाको जन्म पश्चात नाम राखिदिनु पर्ने, पालनपोषण, शिक्षा र स्वास्थोपचारको अधिकार रहेको उल्लेख गर्दै सो दायित्व अभिभावक र सरकारमा रहने व्यवस्था गरेको छ । बालबालिकामा कुनै भेदभाव गर्न नहुने, क्रुर र यातनापूर्ण व्यवहार गर्न नहुने, छोरा र छोरीमा भेदभाव गर्न नहुने, देवी देवताको नाममा चढाउन नहुने, निकृष्ट, अनैतिक पेसामा सम्लग्न गराउन नहुने, दसवर्ष मुनिका बालबालिकाले अपराध ठहरिने कुनै कार्य गरेमा कुनै सजाय नगर्ने, दसदेखि चौध वर्षसम्मका बालबालिकाको हकमा जरिवाना हुने अपराधमा हप्काई, सम्झाई बुझाई

[7] विस्तृत जानकारीको लागि नेपालको अन्तरिम संविधान, २०७३, धारा २२, कानून किताब व्यवस्था समिति, पेज ७।

[8] हेर्नुहोस् नेपालको संविधान, कानून किताब व्यवस्था समिति, धारा ५१ को खण्ड (ज), पेज २७ ।

[9] नेपाल ऐन संग्रह खण्ड १६, (२०६८), पृष्ठ ७८, कानून किताब व्यवस्था समिति

[10] http://www.lawcommission.gov.np/documents/२०१५/०८ बालबालिका-सम्बन्धी-नियमा.pdf

गर्ने र कैद हुनेमा छ महिनासम्म कैद गर्ने तथा चौध देखि सोह्र वर्षकाको हकमा आधा सजाय गर्ने कानूनी व्यवस्था गरेको छ ।

बालबालिकालाई नेल हतकडी लगाउन, एकान्त कारावासमा राख्न वा अन्य कैदीको साथमा राख्न नहुने, बालबालिकालाई अपराधी सरह व्यवहार नगर्ने, बालबालिकालाई लागेको अभियोगको प्रतिरक्षा गर्ने कानून व्यवसायी नभै मुद्दाको कारवाही र किनारा नगरिने गरी अनिवार्य प्रतिरक्षाको अधिकार सुरक्षित गरेको छ । बालबालिका सम्बन्धी मुद्दाको कारवाही गर्दा कानून व्यवसायी, बाबु, आमा, नातेदार, संरक्षक र मुद्दा हेर्ने अधिकारीले अनुमति दिएका व्यक्ति/संस्था मात्र इजलासमा उपस्थित हुन पाउने, बालबालिका सम्लग्न मुद्दाको निरोपण गर्न छुट्टै बाल अदालत तथा बाल इजलासको गठन गरी सोमार्फत कारबाही र किनारा गरिने व्यवस्था छ । मुद्दाको कारबाही र किनारा गर्न न्यायाधीशका अतिरिक्त, समाजसेवी र बाल मनोबैज्ञानिकलाई समावेस गरिने व्यवस्था छ । थुना वा कैदमा बस्नु पर्ने बालबालिका वा कुलतमा लागेका, अनैतिक वा अवाञ्छित कार्यमा सम्लग्न व्यक्तिहरूको सम्पर्क वा आश्रयमा रहेका, घर परिवारबाट भागी हिडेका तथा सरकारले तोकेका बालबालिकाहरूलाईसमेत सुधार गर्नका लागि सरकारले आवश्यकताअनुसार बालसुधार गृह स्थापना, अनाथालय तथा सुस्त मनस्थिती केन्द्रको स्थापना गरी संचालन गर्ने व्यवस्था छ ।

बालबालिकाका मुद्दा अनुसन्धान, अभियोजन तथा सुनुवाई सम्बन्धि व्यवस्था बालन्याय (कार्यविधि) नियमावलि २०६३[11] ले गरेको छ । सो नियमावलीले तहकीकात सम्बन्धी व्यवस्थामा सादा पोशाकका प्रहरीले आफ्नो परिचय दिई पक्राउ गर्ने कारण खुलाएर मात्र पक्राउ गर्नु पर्ने, निजको हकका वारेमा बुझ्ने भाषामा जानाकारी गराउनु पर्ने, अभिभावकलाई जानकारी दिने, संरक्षकको रोहवरमा वालमैत्री वातावरणमा तहकिकात गर्नुपर्ने, सामाजिक अध्ययन प्रतिवेदन तयार गर्न लगाउने व्यवस्था प्रमुख छन् । बालबालिका संलग्न रहेका विवादको सुनुवाई बाल ईजलासवाट हुने, अभियोग र प्रमाणको जानकारी तुरुन्त अभिभावकलाई दिनुपर्ने, मुद्दाको सुनुवाई गर्दा वाल मैत्री वातावरणमा वालकले वुझ्ने र सुहाउँदो भाषामा, क्यामेरा सुनुवाई पद्दती अपनाई गर्नु पर्नेछ । वालकको उमेर निर्धारण सम्वन्धी ब्यबस्था, मुद्दा किनारा गर्नु पर्ने अवधी, कानून व्यवसायीको प्रतिनिधित्व, दोभाषेको व्यवस्था , सेवा प्रदायक संस्थाको सहयोग लिने आदि यस नियमाबलीका प्रमुख व्यवस्था हुन ।

आगामी भदौ १ गते देखि लागु हुन गई रहेको मुलुकी अपराध (संहिता) ऐन, २०७४ ले फौजदारी न्यायका सामान्य सिद्धान्तहरु अन्तरगत बालबालिकाले गरेको काम कसूर नहुने (दफा १३),[12] बालबालिकावाट गराएको कसूरमा उमेर पुगेकालाई सजाय हुने (दफा २८)[13] समेत व्यवस्था गरेको छ । मुलुकी देवानी संहिता ऐन, २०७४ को दफा २(ङ) मा नाबालक भन्नाले अठार बर्ष उमेर पुरा

[11] http://www.lawcommission.gov.np/documents/2015/08/बालन्याय कार्यविधि नियमा..pdf

[12] हेर्नुहोस्, मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसूर) सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४, कानून किताब व्यवस्था समिति (२०७४, कार्तिक) पेज ५ ।

[13] ऐ.ऐ. पेज ११ ।

नगरेको बालबालिका संझनुपर्छ भन्ने व्यवस्था गरी मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ४५ मा बालबालिकालाई हुने सजायको सम्बन्धमा  उल्लेख गरिएको छ[14] । फौजदारी कसूर) सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १६ ले बालबालिकालाई सजाय गर्दा विचार गर्नु पर्ने कुराहरुका वारेमा व्यवस्था छ[15] ।

## २.४ सर्बोच्च अदालतको दृष्टिकोणः

**तिलोत्तम पौडेल विरुद्ध श्री ५ को सरकार गृह मन्त्रालय समेत**[16]

नेपालद्वारा अनुमोदित बाल अधिकार सम्बन्धी महासन्धिको धारा १५(१) ले बालबालिकाहरुको संगठन खोल्ने अधिकार र शान्तिपूर्वक भेला हुने अधिकार सुनिश्चित गरेको देखिन आउँछ । नेपाल सन्धि ऐन २०४७ को दफा ९(१) अनुसार नेपाल पक्ष रहेको उपरोक्त सन्धि प्रचलित नेपाल कानुनसँग बाझिएकै स्थितिमा पनि उपरोक्त सन्धि कै प्रावधान प्रभावकारी हुने देखिएकोले बालबालिकाहरुको संगठित हुने र शान्तिपूर्वक भेला हुने अधिकारमा प्रतिबन्ध लगाउन मिल्ने देखिदैन । उपरोक्त महासन्धिका पक्षधर राष्ट्रहरुले त्यस्तो अधिकारको सम्मान गर्नुपर्ने निश्चित कर्तव्य समेत रहेको देखिन्छ ।

**आशिष अधिकारी विरुद्ध श्री ५ को सरकार गृह मन्त्रालय समेत**[17]

बालबालिका सम्बन्धी ऐन २०४८ मा भएको व्यवस्था अनुसार १६ बर्ष उमेर नपुगेका नाबालकको हकमा सोही ऐन लागु हुने स्पष्ट कानुनी व्यवस्था भएको पाईन्छ । बालबालिका सम्बन्धी ऐन २०४८ को दफा ४२ को उपदफा (२) (क) ले कुनै कसुरको अभियोग लागी मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त प्रचलित कानुन बमोजिम थुनामा बस्नपर्ने बालकलाई बाल सुधार गृहमा राखिने स्पष्ट व्यवस्था भइ रहेको देखिएकाले मुलुकी ऐन अ.बं. को ११८ (२) बमोजिम पुर्पक्षका लागि कारागार शाखामा थुनामा राख्ने गरेको बाँके जिल्ला अदालतको मिति २०५७/७/२७ को आदेश र सो आदेशलाई सदर गरेको पुनरावेदन अदालत नेपालगञ्जको आदेश समेत कानुन सम्मत नदेखिँदा बदर भै बन्दी प्रत्यक्षीकरणको आदेशद्वारा निज बव्लु गोडीया केन्द्रीय कारागार शाखा नेपालगञ्जको कारागाराबट मुक्त हुने ठहर्छ ।

**आशिष अधिकारी विरुद्ध पुनरावेदन अदालत धनकुटा समेत**[18]

...अन्तर्राट्रिय अभिसन्धि बालबालिका सम्बन्धि ऐन तथा प्रतिपादीत नजीर समेतले अरु बयस्क साथमा कारागारमा बालबालिकालाई थुना वा कैदमा राख्न मिल्ने देखिएन...

अतः वालाबालिका सम्बन्धि ऐन २०४८ को दफा ४२(१) बमोजिम बालसुधार गृह स्थापना गरी ऐ. उपदफा (२) बमोजिम गर्नुपर्ने र सो अनुरुप नभएमा ऐ. दफा ४२(३) बमोजिम गर्नुपर्नेमा सो अनुरुप नगरी कारागारमा कैदको सँजाय भोग्नुपर्ने गरी गरेको धनकुटा जिल्ला अदालतको ०५७/०३/०६

---

14 ऐ.ऐ. पेज १८ ।

15 ऐ.ऐ. पेज ३१२ ।

16 सम्बत् २०५७ सालको रि.पु.इ.नं. १७४, आदेश मिति २०५८ साल श्रावण २५ गते

17 २०५७ सालको रिट नं. ३३९०, आदेश मिति ०५७/१२/०२

18 सम्बत् ०५७ सालको रिट नं. ३६८५, आदेश मिति ०५८/०१/२८

को फैसलाको तपसिल खण्ड कानुन संगत नदेखिंदा निवेदकलाई कारागारबाट मुक्त गरी भइरहेको कानुनी व्यवस्था अनुरुप गर्नु गराउनु पर्ने दायित्व श्री ५ को सरकारको भएकोले निवेदक केशव खड्काको हकमा बालबालिका सम्बन्धी ऐन २०४८ को दफा ४२(१) अनुरुप र सो नभएमा ऐ को दफा ४२(३) बमोजिम गर्नुगराउनु भनी श्री ५ को सरकार गृह मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालय, कारागार शाखा धनकुटा समेतका नाउँमा परमादेश जारी हुने ।

**कल्याण के.सी विरुद्ध जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत**[19]

ICCPR र CRC जस्ता Convention मा पक्ष बनेको र लिखित संविधान भएको राष्ट्र, जहाँ मौलिक हकको व्यवस्था भएको छ, त्यहाँ निजामती कर्मचारीले फौजदारी मुद्दा हेर्ने भन्ने कुरा नआउने ।

संवैधानिक व्यवस्थाअनुसार हिजोसम्म Valid भएको कानून संवैधानिक व्यवस्था परिवर्तन भएपछि अव त्यही कानून Valid रहन नसक्ने ।

१६ वर्ष नपुगेको नाबालक मात्र प्रतिवादी भएको मुद्दा पनि प्रमुख जिल्ला अधिकारीले हेर्ने व्यवस्था CRC को धारा ४०(२) (ii) (iii) तथा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५ विपरीत हुने हुँदा केही सार्वजनिक (अपराध र नियन्त्रण) ऐन, २०२७ को दफा ५ को प्रमुख जिल्ला अधिकारीले मुद्दा हेर्ने अधिकारमध्ये १६ वर्ष नपुगेको नाबालकमात्र प्रतिवादी भएको मुद्दा हेर्ने अधिकार फैसला भएको मितिबाट अमान्य Prospective Overruling हुने ।

**ख कुमारी विरुद्ध नेपाल सरकार**[20]

उमेर नपुगेका बालबालिकाको पूर्णरूपमा शारीरिक एवं मानसिक विकास भइसकेको नहुने र उनीहरूमा वयष्क मानिस सरह आपराधिक मस्तिष्क (Mens rea) को विकास समेत नहुने हुँदा उनीहरूलाई वयष्क मानिस सरह सजाय नगरी उनीहरूको शारीरिक र मानसिक अपरिपक्वता उपर विचार गरी उनीहरूको सर्वोत्तम हित (Best interest) का लागि आवश्यकताअनुसार उन्मुक्ति, छूट वा सुविधा प्रदान गरी तुलनात्मक रूपमा कम सजाय गरिनुपर्ने ।

**अधिवक्ता राजुप्रसाद चापागाईं समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, समेत**[21]

नेपालको वर्तमान संविधानले बालबालिकाको हक समेत प्रत्याभूत गरी प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण विरुद्धको हक प्रदान गरेको र त्यस्तो शोषणजन्य कार्यलाई कानूनद्वारा दण्डनीय बनाई कानूनले निर्धारण गरे वमोजिमको क्षतिपूर्ति समेत प्रदान गरिने प्रतिबद्धता व्यक्त गरेको सन्दर्भमा बालबालिका माथि कुनै प्रकारको शारीरिक एवं मानसिक यातना हुनसक्ने सम्भावनाको अन्त गरिनु अपरिहार्य देखिने।

रक्षा शिक्षाको निहुँमा कुटपिट गर्नु यातनाको कुरा हुन्छ, परिणाममा मारिन्छ भने अपराधजन्य कार्य हुने।

रक्षा शिक्षा गर्ने काम पुनित भएपनि सोहि सिलसिलामा भएको कसूर भने कसूर नै हुन्छ र त्यसलाई त्यही रुपमा हेर्नुपर्ने ।

19 ने.का.प. २०६६ अंक १० निर्णय नम्बर ८२४२

20 ने.का.प. २०६४ अंक ४ निर्णय नम्बर ८१३५

21 ने.का.प. २०६५ अंक १० निर्णय नं. ८०१९, विशेष ईजलाश

ज्यान सम्बन्धीको ६(३) नं. को व्यवस्थाबाट रक्षा शिक्षाको नाममा कुटपिट गर्न पाउने अधिकारलाई मान्यता दिएको समेत देखिएको र त्यसबाट ज्यान गएको अवस्थामा रु.५०।- मात्र जरिवाना हुने व्यवस्था संविधानको धारा १२(१) द्वारा प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १३ द्वारा प्रदत्त समानताको हक र धारा २२ को बालबालिकाको हक अन्तर्गत उपधारा (३) द्वारा प्रदत्त यातना तथा शोषण विरुद्धको हक लगायतका हकहरुको प्रतिकूल रहनुका साथै नेपाल पक्ष रहेको बाल अधिकार सम्बन्धी महासन्धी, १९८९ को धारा १९(१), २८(२) र ३७(क) समेतका प्राबधानहरुको प्रतिकूल रहेको पाइएको हुँदा त्यस्ता असमान, अन्यायपूर्ण र यातनालाई प्रोत्साहन गर्ने खालको प्राबधानहरु कायम राख्न मिल्ने नदेखिँदा ज्यान सम्बन्धी महलको ६(३) नं. को उक्त प्राबधान नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) वमोजिम फैसला भएको मितिदेखि अमान्य र बदर हुने ।

**सबिन श्रेष्ठ समेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, समेत**[22]

बालबालिकाको पहिचानको विषय आमाबाबुको अधिकारबाट रूपान्तरण हुँदै मानव अधिकारको अन्तरवस्तुको रूपमा विकास भएको देखिन्छ । यसै गरी उनीहरूको अधिकारको विषय आमाबाबुबाट राज्यको दायित्वमा पनि रूपान्तरण हुनपुगेको छ । संवैधानिक विधिशास्त्रअन्तर्गतको अधिकारमुखी अवधारणा (Right based approach) को आधारमा बालबालिकाको अधिकारको संरक्षणको दायित्व परिवार र राज्यलाई सुम्पेपश्चात ती विषयहरू बालअधिकारका विषय बन्न पुगेका छन् । Doctrine of Parens Patriae को अवधारणाअनुसार पनि देशका प्रत्येक बालबालिकाको सर्वोत्तम् हित र संरक्षणको लागि राज्यले अभिभावकत्वको जिम्मेवारी ग्रहण गर्नुपर्ने ।

विभिन्न उमेर समूहको आधारमा फरकफरक सजायको व्यवस्था गरेको देखिँदा त्यस्तो बेला बाल अदालत वा बाल इजलासले उमेरको विवाद टुङ्गो लगाउनुपर्ने अवस्था आउँछ । सो अवस्थामा पहिले अस्पतालबाट जारी भएको जन्म प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति खुलेको कागजातलाई आधार मान्ने हो । अस्पतालबाट जारी भएका कागजात विश्वसनीय हुनुका साथै वैज्ञानिक प्रणालीमा आधारित भई व्यवस्थित हुने हुँदा बालकको यथार्थ उमेर निर्धारण गर्न सहयोग हुन्छ । यस अर्थमा यस व्यवस्थालाई बृहत्तर दृष्टिकोणबाट बालबालिका र देशको हितमा आवश्यक सम्झेर बनाएको कानूनी व्यवस्था भनी मान्न सकिने ।

**पुष्पराज पौडेल विरुद्ध काठमाडौं जिल्ला अदालत**[23]

पुर्पक्षको निमित्त माग गरेको धरौटी दिन नसकेको बालकलाई थुनछेकको प्रयोजनका लागि थुनाको विकल्पको रूपमा बालसुधार गृहमा राखेको कार्यलाई उचित र मुनासिब मान्न सकिन्न, बरू यसले उल्टै दण्डको सुधारात्मक अवधारणालाई इन्कार गरेको मान्न सकिन्छ । बालबालिकाको हकमा कानूनको द्वन्द्वमा परी निजले गरेको फौजदारी कसुरका सम्बन्धमा दण्ड निर्धारण गर्दासमेत उनीहरूको सर्वोत्तम हितलाई नजरअन्दाज गर्न सकिँदैन । प्रस्तुत मुद्दामा अन्तिम फैसलाबमोजिम थुनामा बसेको अवस्था

[22] ने.का.प. २०७१ अंक १० निर्णय नं. ९२५७, पूर्ण ईजलाश,

[23] ने.का.प. २०७२ अंक ९ निर्णय नं. ९४६९

नभै चोरी मुद्दामा पूर्वसर्तको रूपमा धरौट माग गरी धरौट दिन नसकेको आधार बनाई थुनामा राख्ने गरी भएको कार्यलाई अन्तिम उपायको रूपमा मात्र थुनाको प्रयोग गरिने भन्ने बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ३७(२) समेतको अनुकूल रहेको मान्न नमिल्ने ।

बालबालिकालाई तोकिएको सजायसमेत स्थगन हुने वा भोग्न नपर्ने गरी निर्णयकर्ताले निर्णय गर्न सक्ने अवस्थामा धरौटीको विकल्पको रूपमा थुनालाई उपयोग गरिएको कार्यलाई "बालबालिकाको हक हितको संरक्षण गरी तिनीहरूको शारीरिक मानसिक र बौद्धिक विकास गर्न समयानुकूल कानूनी व्यवस्था गर्न" जारी भएको बालबालिकासम्बन्धी ऐन, २०४८ को मर्म र भावनाविपरीत देखिन आउने ।

**नेपाल सरकार विरुद्ध राजु सरदार**[24]

बालबालिकासम्बन्धी ऐन, २०४८ ले नाबालकलाई कैद सजायमा छुट दिएको ब्यवस्थालाई जबरजस्ती करणीको अपराधमा पीडकबाट पीडितलाई क्षतिपूर्ति भराउने कुरालाई पनि सजायकै रूपमा लिई छुट प्राप्त गर्दछ भन्ने अर्थ गर्न नमिल्ने ।

बालबालिकासम्बन्धी ऐनको व्यवस्थाले नाबालक प्रतिवादीलाई सजायमा केही छुट दिएकै आधारमा जबरजस्ती करणीको अपराधमा पीडित हुने बालिकाले पाउने मुनासिब क्षतिपूर्तिको हकबाट वञ्चित हुनु पर्ने भनी सो कानूनी व्यवस्थाको संकुचित अर्थ गर्दा बालबालिकाको अधिकारमा संकुचन आउन सक्ने सम्भावना हन्छ । यसबाट पीडकले सजायमा छुट पाउने तर पीडितले क्षतिपूर्तिसमेत नपाउने अवस्थाको सृजना हुन गई बालबालिकाको सर्वोत्तम हितको लागि बनाएको बालबालिकासम्बन्धी ऐनको एकांकी र एकतर्फी व्याख्या गर्न मिल्ने पनि नहुने ।

जबरजस्ती करणी मुद्दामा पीडितले भरी पाउने ठहरेको क्षतिपूर्तिको रकम पीडक नाबालक वा असक्षम रहेको अवस्थामा पनि निजबाट नै भराउनु पर्ने भनी ऐनको संकुचित अर्थ गर्दा पीडितको क्षतिपूर्ति प्राप्त गर्ने हक कुण्ठित हुन जाने हुँदा सोसमेतलाई मध्यनजर गरी कानूनद्वारा तोकिएको क्षतिपूर्तिको रकम नेपाल सरकारबाट उपलब्ध गराउन उपयुक्त र न्यायसम्मतसमेत देखिने ।

[24] ने.का.प. २०७३ अंक ७ नि.नं. ९६३३,

# भाग तीन
# विषयबस्तुको अध्ययन तथा विश्लेषण

## ३.१ अध्ययन गरिएका मुद्दाका संक्षिप्त तथ्य

(तालिका नं. १)

| सि. नं. | जिल्ला | जाहेरवालाको नाम | प्रतिवादी सम्बन्धी विवरण | | | | मुद्दाको नाम | वारदात मिति | घटनाको संक्षिप्त तथ्य | घटनामा सावित वा ईन्कार | अभियोजन मिति | मागदावी | शुरु फैसला मिति | फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा संख्या | नावालक प्रतिवादीको नाम थर | लिंग | उमेर | | | | | | | | | |
| १. | बझाङ | चयनपुर झ | १ | चैनपुर ट | पु | १३ बर्ष | जवर्जस्ती करणी | २०७३।२।२२ | प्रतिवादीले आफ्नो बहिनी नातामा पर्ने छोरी चैनपुर झ लाइ रु १० दिइ ज.क गरेको | अनुसन्धानमा सावित, अदालतमा ईन्कार | २०७३।३।१२ | मुलुकी ऐनको ज.क महलको ३(१) बमोजिम र हाडनाता करणीको ३ नं.बमोजिम ज.क महलको १० र १० ग नं.बमोजिक सजाय र क्षतिपुर्ति माग | २०७३।१०।२३ | बालबालिका सम्बन्धी ऐन २०४८ को दफा ११(२) बमोजिम ६ महिना कैद र पीडितालाई रु २ लाख क्षतिपुर्ति भराई दिने | गोपनीयतामा ध्यान नदिएको |
| २. | बझाङ | वेलबती देवी खडायत | २ | पार्वति बोहरा | म | १६ बर्ष | बहुविवाह | २०७३।१।६ | पति ललित खडायतले जाहेरवालीको मन्जुरी विन अ. वर्ष १९ की पार्वति वोहरा खडायत संग वहुविवाह गरेको । | अनुसन्धानमा सावित, अदालतमा ईन्कार | २०७३।३।६ | मुलुकी ऐनको विहावारी महलको १० नं. बमोजिम र सोही महलको २ (३) बमोजिम माग | २०७४।७।५ | विहावारी महलको १० नं.बमोजिम दुवैलाई १ वर्ष ६ महिनाको दरले कैद र रु १५ हजारको दरले जनही जरिवाना र प्रतिवादी ललित खडायतलाई सोही महलको २ (३) बमोजिम थप १० हजार जरिवाना । | |
| ३. | बझाङ | प्रहरी प्रतिवेदन | १ | रामचन्द्र धामी | पु | १६ बर्ष | लागू औषध चरेस | २०७३।६।८ | लागू औषध चरेस जस्तो कालो रंगको ३५ ग्राम दुई ओटा लोला फेला परेको | दुवै तर्फ सावित | २०७३।७।१ | ला.औ.नि.२०६४, दफा १४ को १ (घ) १ बमोजिम सजाय | २०७३।७।९ | ला.औ.नि.२०६४, दफा १४ को १ (घ) १ बमोजिम १ महिना कैद | |

| सि. नं. | जिल्ला | जाहेरवालाको नाम | प्रतिवादी सम्बन्धी विवरण | | | | मुद्दाको नाम | वारदात मिति | घटनाको संक्षिप्त तथ्य | घटनामा सावित वा ईन्कार | अभियोजन मिति | मागदावी | शुरु फैसला मिति | फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा संख्या | नावालक प्रतिवादीको | | | | | | | | | | | |
| | | | | नाम थर | लिंग | उमेर | | | | | | | | | |
| ४. | कैलाली | रमेश विष्ट | २ | परिवर्तित नाम ७१(९) | पु | १५ | न. चोरी | २०७३।१०।२ | जाहेवालाको होटलको ताला फोडी चोरी गरेको | दुवै तर्फ सावित | २०७३।१०।२ | मुलुकी ऐन चोरीको महलको १ र ३ को कसूरमा १४(१) बमोजिम सजाय र ऐ २१ नं. बमोजिम बिगो फिर्ता | - | फैसला नभएको। | |
| ५. | कैलाली | ७१ भजनी (ड) | ५ | दीर्घब.कामी प्रकाशडगौरा ७१भजनी (थ) ७१भजनी (ध) | पु पु पु पु | १६ १६ १४ १४ | जवरजस्ती करणी | २०७३।१२।२ | फुपुको घरबाट फर्किने क्रममा पुलियापुरको जंगलमा आईपुग्दा प्रतिवादीहरुले भाग्न उम्किन नदी डर त्रास देखाई ज.क गरेको | दुवै तर्फ सावित | २०७३।१२।२७ | मुलुकी ऐन जवरजस्ति करणीको महलको १नं. को ३ (३) र ३ (क) को कसूरमा ३(३) र ३ (क) बमोजिम सजाय र ऐ. को १० र १० (ग) नं. बमोजिम क्षतिपुर्ति | - | फैसला नभएको। | |
| ६. | कैलाली | ७१ ए | १ | परिवर्तित क | पु | १४ | जवरजस्ती करणी | २०७२।५।२५ | जाहेवरवालिको नाबालिग छोरीलाई खानेकुरा दिन्छु भनि आफ्नो घरमा बोलाई TV देखाउदै जवरजस्ति करणी गरेको | अनुसन्धानमा सावित, अदालतमा ईन्कार | २०७२।६।१३ | मुलुकी ऐन जबरजस्ति करणी महलको १ न. कसूरमा ३(१) बमोजिम सजाय र १०(ग) बोजिम क्षतिपुर्ति | २०७३।२।३१ | बालबालिका सम्बन्धी ऐन २०४८ को दफा ११(२)बमोजिम १५ दिन कैद हुनेमा ऐ को दफा ५० बमोजिम कैद सजाय भोग्न नपर्ने | |
| ७. | सुर्खेत | सम्झना थापा | ४ | आकाश बुढा | पु | १५ | कर्तव्य ज्यान | २०७२।१।३१ | प्रतिवादीहरुले जाहेरवालाको पति सँगै बसि रक्सी खाई बिबाद भएपछी भेरी नदिमा लगि कुटपिट गरी बेहोस बनाई खोलामा फालेको | दुवै तर्फ ईन्कार | २०७२।३।२८ | मुलुकी ऐन ज्यान सम्बन्धि महलको १ नं. बोपरित कसूरमा १३(३) बमोजिम सजाय | २०७३।५।२७ | प्रतिवादीहरु मध्ये नवराज घर्तिलाई १ वर्ष ९ महिना कैद, सरोज तारानी र सुरज सिन्जालीलाइ १ वर्ष ६ महिना कैद र आकाश बुढालाई १ वर्ष ६ हिना कैद | |

| सि. नं. | जिल्ला | जाहेरवालाको नाम | प्रतिवादी सम्बन्धी विवरण | | | | मुद्दाको नाम | वारदात मिति | घटनाको संक्षिप्त तथ्य | घटनामा सावित वा ईन्कार | अभियोजन मिति | मागदावी | शुरु फैसला मिति | फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा संख्या | नावालक प्रतिवादीको | | | | | | | | | | | |
| | | | | नाम थर | लिंग | उमेर | | | | | | | | | |
| ८. | सुर्खेत | प्रहरी प्रतिवेदन | १ | शंकर वि.क. | पु | १६ | सार्वजनिक अपराध | २०७३।६।१५ | सार्वजनिक बाटोमा हो हल्ला गरी धारिलो हतियार खुकुरी लिई हिडेको | दुवै तर्फ सावित | २०७३।७।२ | केहि सार्वजनिक अपराध र सजाय ऐन २०२७ को दफा २ को खण्ड (क),(ख) र (ज) को कसूरमा दफा ६(१) बमोजिम सजाय | २०७३।१२।३१ | २४५० जरिवाना | |
| ९. | सुर्खेत | जमदार गोपाल थापा | १ | प्रकाश रोकाया | पु | १६ | बिना ईजाजत काठ ओसार | २०७१।८।२७ | प्रतिवादीलेटाँचा निशाना नभएका काठ बोकी रहेको अवस्थामा पक्राउ | दुवै तर्फ सावित | २०७१।९ | वन ऐन, २०४९को दफा ५०(१)(घ)(३) बमोजिम सजाय | २०७३।३।३ | वन ऐनको दफा ५०(१)(घ)(२) बमोजिम ८०८।- जरिवाना | |
| १०. | सुर्खेत | प्रहरी प्रतिवेदन | ३ | खगेन्द्र सारु मगर | पु | १५ | सार्वजनिक अपराध | २०७१।९।२० | सार्वजनिक स्थानमा हो हल्ला हुलहुज्जत गरी, प्रहरीको कर्तव्य पालनामा बाधा गरेको | दुवै तर्फ इन्कार | २०७१।१०।११ | केहि सार्वजनिक अपराध र सजाय ऐन २०२७ को दफा २ को खण्ड (क),(ख) (ग) र (ज) को कसूरमा दफा ६(१) बमोजिम सजाय | २०७३।३।१७ | जनही रू ५०।- जरिवाना | नाबालकको हकमा दावी र फैसला नबोलेको |
| ११. | सुर्खेत | मानबहादुर रावत | २ | मीन बहादुर वि.क. | पु | १५ | सार्वजनिक अपराध | २०७२।७।१ | अनधिकृत हतियार सहित घरमा प्रवेशगरी धनमाल नोक्सान गरिदिएको | दुवै तर्फ इन्कार | २०७२।८।३ | केहि सार्वजनिक अपराध र सजाय ऐन २०२७ को दफा २ को खण्ड (ख) (च) र (झ) को कसूरमा दफा ६(१) बमोजिम सजाय | २०७२।१०।२४ | सफाई | |

| सि. नं. | जिल्ला | जाहेरवाला को नाम | प्रतिवादी सम्बन्धी विवरण | | | | मुद्दाको नाम | वारदात मिति | घटनाको संक्षिप्त तथ्य | घटनामा सावित वा ईन्कार | अभियोजन मिति | मागदावी | शुरु फैसला मिति | फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा संख्या | नावालक प्रतिवादीको | | | | | | | | | | | |
| | | | | नाम थर | लिंग | उमेर | | | | | | | | | |
| १२. | सुर्खेत | निर्मल राना | ६ | सोबिन्द्रराज भाम<br>सुभाश बि.सि.<br>अर्विन मल्ल | पु<br>पु<br>पु | १४<br>१५<br>१५ | सार्वजनिक अपराध | २०७२।१०।९ | सार्वजनिक सडकमा कुटपिट गरी घाइते वनाएको | दुवै तर्फ इन्कार | २०७२।१०।१७ | केहि सार्वजनिक अपराध र सजाय ऐन २०२७ को दफा २ को खण्ड (ख) (च) (ज) र (झ) को कसूरमा दफा ६(१) बमोजिम सजाय | २०७३।५।४ | नाबालक प्रतिवादीलाई २५० र १०० जरिवाना | |
| १३. | सुर्खेत | पारिजात टोल विकास संस्था | ५ | खगेन्द्र ठाडा मगर | पु | १५ | सार्वजनिक अपराध | २०७३।६।८ | जाहेरवाला संस्थाको साधारणसभा भइ रहेको स्थानमा ढुङ्गामुडा गरी अशान्ति मच्चाएको | दुवै तर्फ सावित | २०७३।६।१८ | केहि सार्वजनिक अपराध र सजाय ऐन २०२७ को दफा २ को खण्ड (ख) (ङ) (च) (ज) को कसूरमा दफा ६(१) बमोजिम सजाय | २०७४।३।९ | २५० जरिवाना | नाबालकको हकमा फरक नगरेको |
| १४. | रुपन्देही | बुद्धि बहादुर बि.क. | १ | प.नाम पाखापानी ४ | पु | १५ | ज्यान मार्ने उद्योग | २०७३।५।१० | प्रतिवादीले ज्यान मार्ने उद्देश्येले पीडित घाईते सागर बि.कको ज्यान मार्ने उद्देश्येले सिसाको बोतलले टाउकोमा हानेको | बोतलले हानेकोमा अनुसन्धानमा सावित अदालतमा इन्कार | २०७३।६।२ | ज्यान सम्बन्धि महलको १ र १५ नं. बमोजिम कसुरमा सोही महलको १५ नं. बमोजि सजाय हुन र बालबालिका सम्बन्धि ऐनको दफा ११(३) बमोजिम हुन | २०७३।७।२३ | कुटपिटमा परिनत हुने गरी फैसला गरेको | |

| सि. नं. | जिल्ला | जाहेरवाला को नाम | प्रतिवादी सम्बन्धी विवरण | | | | मुद्दाको नाम | वारदात मिति | घटनाको संक्षिप्त तथ्य | घटनामा सावित वा ईन्कार | अभियोजन मिति | मागदावी | शुरु फैसला मिति | फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा संख्या | नावालक प्रतिवादीको | | | | | | | | | | | |
| | | | | नाम थर | लिंग | उमेर | | | | | | | | | |
| १५. | रुपन्देही | प्रहरी प्रतिवेदन | २ | भैरहवा M<br>भैरहवा S | पु<br>पु | १२<br>१५ | लागु औषध | २०७३।६।११ | रुपन्देही जिल्ला सि.न.पा ८ बुद्ध चोक स्थित प्रदिवादीहरुको शरिर खानतलासी गर्दा लागु औषध डाईजेपाम, फेनारगन, नुफिन २६/२६ सिसि वरामद भएको | अनुसन्धानमा सावित अदालतमा इन्कार | २०७३।८।१ | लागु औषध( नियन्त्रन ऐन, २०३३ को दफा ४ को ङ र च को कसूरमा १४ (१) झ बमोजिम सजाय | २०७४।४।१७ | ला.औ.नि.२०६४, दफा १४ को १ (ज) बमोजिम २ महिना कैद बालबालिका भएको हुनाले आधा सजाय गरी १ महिना कैद हुने | |
| १६. | पाल्पा | ४७ क को जाहेरी | १ | ४७(१) बहादुर | पु | १४ | जबर्जस्ती करणी | २०७४।४।२ | वर्ष ७ की जाहेरवालाकी छोरीलाई जवरजस्ति करणी गरेको | दुवै तर्फ सावित | २०७४।४।१६ | मुलुकी ऐन जबरजस्ति करणी महलको १ न. कसूरमा ३(१) बमोजिम सजाय र १०(ग) बोजिम क्षतिपुर्ति | - | फैसला नभएको। | |
| १७. | पाल्पा | ४७ ब कुमारी | १ | ४७ बी | पु | १५ | जबर्जस्ती करणी | २०७३।३।२७ | जाहेरवालाको नाबालक छोरीलाई जबरजस्ति गरेको भन्ने | दुवै तर्फ सावित | २०७३।४।१३ | जबरजस्ती करणी महलको १, २ र ३ नं. तथा हाडनाता करणीको ३(२) को कसुरमा जबर्जस्तीको ३(१) अनुसार सजाय गरी सोही ऐनको २ नं. बमोजिम, मुलुकी ऐन हाडनाता करणीको ३ नं. सजाय थप गरी ऐ. १० नं. र १०(ग) बमोजिम क्षतुर्ति | २०७३।८।७ | १० बर्ष कैद हुनेमा बालबालिका भएकोले तजबिजी ५ बर्ष सजाय गरेको | |

| सि. नं. | जिल्ला | जाहेरवालाको नाम | प्रतिवादी सम्बन्धी विवरण | | | | मुद्दाको नाम | वारदात मिति | घटनाको संक्षिप्त तथ्य | घटनामा सावित वा ईन्कार | अभियोजन मिति | मागदावी | शुरु फैसला मिति | फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा संख्या | नावालक प्रतिवादीको | | | | | | | | | | | |
| | | | | नाम थर | लिंग | उमेर | | | | | | | | | |
| १८. | कास्की | राजाराम चौधरी | २ | कैलाली ७१ IV | पु | १५ | मोटर साईकल चोरी | २०७३।१।१५ | जाहेरवालाको घरको बरण्डामा राखेको मो.सा. प्रतिवादी समेतले चोरी गरेको | दुवै तर्फ सावित | २०७३।२।२ | मुलुकी ऐन, चोरीको महलको १ र १२ नं. को कसूरमा १२ नं. बमोजिम सजाय र २१ नं. बोजिम बरामदित मो.सा फिर्ता | २०७४।१।३१ | अभियोग मागदावी बमोजिम सजाय र बालबालिका ऐन २०४८ दफा ११ को ३ बमोजिम १५ दिन कैद र ५० हजार जरिवाना हुनेमा निजको उमेर १४ देखि १६ विचको रहेकोले दफा ५० बमोजिम कैद सजाय स्थगित राखीदिने | |
| १९. | कास्की | चेत बहादुर रानाभाट | २ | प.नाम आकाश समेत | पु | १२ | कर्तव्य ज्यान | २०७३।४।७ | प्रतिवादले मृतकलाई विषादी खुवाएको कारण मृतकको मृत्यु भएको | दुवै तर्फ ईन्कार | २०७३।५।८ | मुलुकी ऐन, ज्यान सम्बन्धि महलको १ र १३(२) नं. को कसूरमा १३(२) नं. बमोजिम सजाय र बालबालिका ऐन,२०४८ को दफा ११(२) बमोजिम हुन | २०७३।८।५ | अदालतबाट प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला भएकोमा उच्च अदालतबाट समेत शुरु सदर गरी फैसला गरेको अवस्था छ। | |
| २०. | कास्की | सिता तामाङ् | १ | प. नाम पोखरा १ | पु | १४ | जबरजस्ती करणी | २०७२।११।२४ | १३ वर्षकी नाबालिकालाई ललाई फकाई आफ्नै डेरा कोठामा लगि जबरजस्ति करणि गरेको | अनुसन्धानमा सावित अदालतमा ईन्कार | २०७२।१२।२३ | मुलुकी ऐन, जबरजस्ती करणी महलको १ र ३(२) नं. को कसूर मा ऐ मलको ३(२) नं. बमोजिम सजाय हुन र १०नं. बमोजिम पिडीतलाई क्षतिपुर्ति दिलाई भराउने | २०७३।५।८ | मुलुकी ऐन ज.क.को ३(२) नं. को सजायमा बालबालिका सम्बन्धि ऐन, २०४८ को दफा ११ (३) बमोजम ४ वर्ष कैद र नेपाल सरकारवाट पिडीतलाइ रु. २५,०००/- क्षतिपुर्ति | मुद्दा चलाउदा १८ वर्ष भन्दा चलाएको |

| सि. नं. | जिल्ला | जाहेरवालाको नाम | प्रतिवादी सम्बन्धी विवरण | | | | मुद्दाको नाम | वारदात मिति | घटनाको संक्षिप्त तथ्य | घटनामा सावित वा ईन्कार | अभियोजन मिति | मागदावी | शुरु फैसला मिति | फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा संख्या | नावालक प्रतिवादीको | | | | | | | | | | | |
| | | | | नाम थर | लिंग | उमेर | | | | | | | | | |
| २१. | कास्की | बलराम बास्तोला | १ | परिवर्तित नाम सुजन | पु | १२ | नकबजनी चोरी | २०७३।७।७ | जाहेरवालाको पसलको भ्यान्टीलेसनमा ठोकेको प्लाई समेत फोडी विगो रु, १,३७,१०० वरावरको मोबाईल सेटहरु चोरी गरेको | दुवै तर्फ सावित | २०७३।१२।२२ | मुलुकी ऐन चोरीको महलको १ र ३ नं. बमोजिम कसूर अपराधमा ऐ.ऐनको १४(१) णं. बमोजिम सजाय हुन र बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ११(२) बमोजिम हुने र २१ न. बोजिम बरामद बिको जाहेरवाला लाई दिलाई भराईदिने र बरामद हुन नसकेक धनमाल १० (३) नं. बमोजिम प्रतिवादीबाट भराईदिने | - | फैसला नभएको। | |
| २२. | कास्की | प्रभु कोहार | ४ | वुटवल एन<br>बटवल एस<br>वुटवल इ | पु<br>पु<br>पु | १४<br>१५<br>१२ | लागु औषध नाइट्रोसन | २०७३।३।६ | प्रतिवादी विवेक नेपालीका साथवाट नाईट्रोसन ट्याबलेट १९ र प्रतिवादी नबिन भट्टराईबाट नाईट्रोसन ट्याबलेट ६ वटा बरामद भएको | दुवै तर्फ सावित | २०७३।३।२१ | ला.औ.नि.२०३३, दफा ४ को १ (छ) को कसूरमा ऐ.ऐनको दफा १४(१)(ज) बमोजिम सजाय प.नाम बुटबल N र बुटवल एस लाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) र प नाम बुटवल इ को हकममा ११(२) बमोजिमको मागदावी | २०७३।३।२२ | उमेर पुगेकाको हकमा रु २०००/- जरिवाना र प.नाम बुटवल N र वुटवल s को हकमा १०००/- र बुटवल E का हकमा १६ दिन केद बसेको देखिदा अनुसन्धानमा बसेको १६ दिन कैद हुने | |

| सि. नं. | जिल्ला | जाहेरवाला को नाम | प्रतिवादी सम्बन्धी विवरण | | | | मुद्दाको नाम | वारदात मिति | घटनाको संक्षिप्त तथ्य | घटनामा सावित वा ईन्कार | अभियोजन मिति | मागदावी | शुरु फैसला मिति | फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा संख्या | नावालक प्रतिवादीको | | | | | | | | | | | |
| | | | | नाम थर | लिंग | उमेर | | | | | | | | | |
| २३. | स्याङ्जा | प्रहरी प्रतिवेदन | २ | संदीप ठकुरी | पु | १६ | लागु औषध डाईजेपाम | २०७४।१।२३ | प्रतिवादीहरुको शरीर खानतलासी गर्दा नुर्फिन, डाईजेपाम, फेनारगन र सिरिन्ज र निड सहित | दुवै तर्फ सावित | २०७४।३।५ | लागु औषध( नियन्त्रन ऐन, २०३३ को दफा ४ को छ को कसूरमा १४ (१) ज बमोजिम सजाय | - | फैसला नभएको। | |
| २४. | स्याङ्जा | प्रहरी प्रतिवेदन | ३ | संजय गुरुङ | पु | १६ | लागु औसध गाँजा | २०७१।११।६ | प्रतिवादीहरुले महेद्र पिकप भित्र लुकाई छिपाई राखेको लागू औषध गाँजा २.५ ग्राम र २.३ फेला परेको | दुवै तर्फ सावित | २०७१।१२।४ | लागु औषध( नियन्त्रन ऐन, २०३३ को दफा ४ को क, को कसूरमा १४ (१) (क) बमोजिम सजाय | २०७१।१२।५ | लागु औषध( नियन्त्रन ऐन, २०३३ को दफा ४ को क, को कसूरमा १४ (१) (क) बमोजिम तजबिजी २९ दिन कैद हुने ठहर | |
| २५. | स्याङ्जा | झुमाश्री गुरुङ | ३ | सागर गुरुङ | पु | १६ | ज्यान मार्ने उद्योग | २०७०।११।८ | जाहेरवालाको छोरालाई प्रतिवादीले ज्यान मार्ने उद्देश्यले कुटपिट गरेको | दुवै तर्फ इन्कार | २०७०।११।२४ | मुलुकी ऐन ज्यान सम्बन्धि महलको १र १५ नं. को कसूरमा १५ नं. बमोजिम सजाय | २०७२।१।१७ | सफाई | |
| २६. | तनहुँ | अंमृत बि.क | २ | प्रवेश अधिकारी | पु | १६ | सवारी ज्यान | २०७३।६।२३ | प्रतिवादीले चलाएको मोटरसाईकल जाहेरवालाको बाबुलाई ठक्कर दिँदा मृत्यु भएको | दुवै तर्फ सावित | २०७३।७।१८ | सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६१(२) को कसूरमा १६१(२) बमोजिम सजाय र १६१(४) बमोजिम थप सजाय | २०७४।३।७ | दुई वर्ष कदै | |

| सि. नं. | जिल्ला | जाहेरवालाको नाम | प्रतिवादी सम्बन्धी विवरण | | | | मुद्दाको नाम | वारदात मिति | घटनाको संक्षिप्त तथ्य | घटनामा सावित वा ईन्कार | अभियोजन मिति | मागदावी | शुरु फैसला मिति | फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा संख्या | नावालक प्रतिवादीको | | | | | | | | | | | |
| | | | | नाम थर | लिंग | उमेर | | | | | | | | | |
| २७. | तनहुँ | चन्द्र बहादुर दरै | ३ | विवेक परियार | पु | १६ | सार्वजनिक अपराध | २०७३।४।४ | जाहेरवालालाई नेपइली सेनामा लगाईदिएवापत रु.२ लाख दे नत्र हातखुट्टा भाचिदिन्छु भनि कटेजको सामान तोडफोड गरेको | दुवै तर्फ सावित | २०७३।५।३ | के.सा.अ २०२७ को दफा २ को ङ र च को कसूरमा ६(१) बमोजिम | २०७४।७।८ | कसुर स्थापितजनही ५ हजार जरिवाना र क्षतिपूर्ति भराईदिने | |
| २८. | तनहुँ | ञ कुमारी | १ | एल बहादुर | पु | १४ | जवर्जस्ती करणी | २०७२।२।२७ | जाहेरवालीको नावालिक छोरीलाई प्रतिवादीले ज.क. गरेको | अनुसन्धानमा सावित अदालतमा इन्कार | २०७३।२।३१ | जबरजस्ती करणी महलको १, र ३ ३(१) नं. कसुरमा जबर्जस्तीको ३(१) अनुसार सजाय गरी सोही ऐनको १० नं. बमोजिम क्षतुर्ति | २०७३।५।२३ | कसूर स्थापित १० बर्ष कैद हुनेमा बालबालिका भएको हुँदा ५ वर्ष कैद र १ लाख रुपैया क्षतिपुर्ति हुने | |
| २९. | तनहुँ | टंक नाथ भण्डारि | ४ | भिमाद डी भिमाद ४ | पु पु | १४ १३ | नकबजनि चोरी | २०७२।७।२० | प्रतिवादी समेतको मिलोमतोमा जाहेरवालाको घर तोडफोड गरी पैसा सुन समेत चोरी गरी लगेको | अनुसन्धानमा सावित अदालतमा इन्कार | २०७२।८।२ | चोरीको महलको १ र ३ को कूरमा १४(१) बमोजिम सजाय र १०(३) बमोजिम बिगो भराई दिने | २०७३।९।२३ | सफाई | |
| ३०. | तनहुँ | ज कुमारी | १ | जे बहादुर | पु | १३ | जवर्जस्ती करणी | २०७२।१२।२५ | आफ्नै दीदी नाता पर्ने शारीरिक रुपमा अपाङ्गता भएको जाहेरवालीको वर्ष १७ की छोरीलाई प्रतिवादीले जबरजस्ति गरेको | अनुसन्धानमा सावित अदालतमा इन्कार | २०७३।२।१० | जबरजस्ती करणी महलको १, २ र ३(४) नं. र ३(क) तथा हाडनाता करणीको २(३) को कसुरमा जबर्जस्तीको ३(४) अनुसार सजाय गरी सोही ऐनको ३ (क) बमोजिम थप सजाय र २ मुलुकी ऐन हाडनाता करणीको २(३) नं. सजाय थप गरी ऐ. १० नं. बमोजिम क्षतुर्ति | २०७३।३।१५ | ४ महिना कैद र रु.१ लाख रुपैया क्षतिपूर्ति नेपाल सरकारले भराई दिने | |

| सि. नं. | जिल्ला | जाहेरवालाको नाम | प्रतिवादी सम्बन्धी विवरण | | | | मुद्दाको नाम | वारदात मिति | घटनाको संक्षिप्त तथ्य | घटनामा सावित वा ईन्कार | अभियोजन मिति | मागदावी | शुरु फैसला मिति | फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा संख्या | नावालक प्रतिवादीको | | | | | | | | | | | |
| | | | | नाम थर | लिंग | उमेर | | | | | | | | | |
| ३१. | तनहुँ | लक्षी भक्त खनाल | २ | R 9<br>B.1 | पु<br>पु | १४<br>१२ | चोरी | २०७१।३।२३ | प्रतिवादी समेतले जाहेरवालाको घर भित्र राखेको मोवाईल चोरी गरी लगेको | दुवै तर्फ सावित | २०७१।७।५ | चोरीको महलको १ र १२ को कूरमा १२नं. बमोजिम सजाय र २१नं. बमोजिम बरमदित सामान फिर्ता | २०७१।८।२४ | कसूर स्थापित बालबालिका ऐन बमोजिम १५ दिन कैद महिना कैद र १५ हजार ५०० जरिवाना र वी एल लाई ७ दिन कैद | |
| ३२. | तनहुँ | सरस्वति अधिकारी | २ | दमौलि के<br>दमौली जे J | पु<br>पु | १५<br>१५ | नजबजनी चोरी | २०७३।१०।२४ | प्रतिवादी समेतले जाहेरवालाको ढोका फुटाई नगद, ल्यापटप र ट्वलेट चोरी गरी लगेको | दुवै तर्फ सावित | २०७३।११।२४ | चोरीको महलको १ ३ र १२ को कूरमा १४(१) नं. बमोजिम सजाय र १० नं. बमोजिम फिर्ता र २१ नं. बमोजिम अपुग बिगो भराईदिने | २०७४।५।७ | कसूर स्थापित, बालबालिका भएकोले डेढ महिना कैद र १,७२,५०० को आधा सजाय | |
| ३३. | तनहुँ | पासङ लामा | ३ | आँबुखैरेनी A | पु | १३ | जबरजस्ती चोरी | २०७२।४।८ | प्रतिवादीले जाहेरबालालाई राती २ बजे साथमा रहेको पैसा लुटी बसबाट ओर्लिएको | दुवै तर्फ इन्कार | २०७२।४।२ | मुलुकी ऐन चोरीको महलको १ र ४ नं. को कसुरमा १४(२) न. बमोजिम सजाय | २०७२।११।९ | सफाइ | |
| ३४. | नुवाकोट | परिवर्तित नाम बुढानिलकण्ठ १ | १ | परिवर्तित नाम सिक्रे (R) | पु | १५ | ज.क. | २०७३।०१।१५ | बर्ष १२ की बुढानिलकण्ठ २ लाई बिभिन्न प्रलोभन देखाई भगाई प्रतिवादी सिक्रे (R) ले निजको आफन्तको घरमा पुर्याई पटक पटक जबरजस्ती करणी गरेको | दुवैमा सावित | २०७३।०२।११ | प्रतिवादीलाई मु.ऐ. ज.क.को महलको ३(२) नं बमोजिम सजायमा बाल बालिका सम्बन्धि ऐन २०४८ को दफा ११ को (३) बमोजिम सजाय गरी ज.क.को १० नं बमोजिम पिडितलाई क्षतिपुर्ति समेत मागदाबी । | - | फैसला नभएको | |

| सि.नं. | जिल्ला | जाहेरवालाको नाम | प्रतिवादी सम्बन्धी विवरण | | | | मुद्दाको नाम | वारदात मिति | घटनाको संक्षिप्त तथ्य | घटनामा सावित वा ईन्कार | अभियोजन मिति | मागदावी | शुरु फैसला मिति | फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा संख्या | नावालक प्रतिवादीको | | | | | | | | | | | |
| | | | | नाम थर | लिंग | उमेर | | | | | | | | | |
| ३५. | नुवाकोट | बद्रि गिरी | १० | नुवाकोट ४<br>उपेन्द्र थापा<br>सुदर्सन राई<br>सन्देश थापा<br>राजेश थापा | पु | १४<br>१६<br>१६<br>१६<br>१६ | ज्या.मा.उ. | २०७१।१०।७ | पुजाको निम्तो मान्न गएको अवस्थामा प्रतिवादीहरुले पुर्व ईवीको कारण खुकुरी लगाएतका हतियारले प्रहार गरि जाहेरवाला बद्री गिरीलाई घाईते बनाएको | दुवैमा सावित | २०७१।११।३ | ज्यान सम्बन्धीको १५ नं. को सजायमा नाबालकको हकमा बालबालिका सम्बन्धी ऐनको दफा ११(३) बमोजिम सजाय | २०७३।११।११ | अन्य प्रतिवादीको हकमा कसूर ठहर भै जनही ५ बर्ष कैद र १६ बर्ष नपुगेका नाबालकका हकमा बालबालिका ऐनको दफा ५०(२) ले सजाय स्थगन | |
| ३६. | नुवाकोट | राम प्रसाद भट्टराई | ५ | नुवाकोट १<br>नुवाकोट २<br>लक्षमान तामाङ | पु<br>पु<br>पु | १३<br>११<br>१६ | नकबजनी चोरी | २०७१।७।१४ | जाहेरवालाको पसलको ताल्चा फोडी मुल्य रु २,३८,७००।— बराबरको धनमाल चोरी गरेको । | दुवैमा सावित | २०७१।८।१२ | नुवाकोट १ र २ लाई मु.ऐ.चोरीको १४(१) को सजायमा बालबालिका सम्बन्धी ऐनको दफा ११(२) बमोजिम सजाय र अरुलाई चोरीको १४(१) बमोजिम सजाय गरी बिगो भराउने | २०७२।३।२२ | नुवाकोट १ र २ लाई जनही १/१ महिना कैद, अन्य प्रतिवादीलाई जनही १ महिना १५ दिन कैद र बिगो कायम हुन आएको रकम रु १,३१,७७५।— को डेढीले हुन आउने रु १,९७,६६२।५० पैसा जनही जरिवाना | |
| ३७. | नुवाकोट | रामप्रसाद भट्टराई | ५ | नुवाकोट १<br>नुवाकोट २<br>लक्षमान तामाङ | पु<br>पु<br>पु | १३<br>११<br>१६ | नकबजनी चोरी | २०७१।७।१३ | जाहेरवालाको पसलको ताल्चा फोडी मुल्य रु १,७०,२२९।— बराबरको धनमाल चोरी गरेको । | दुवैमा सावित | २०७१।८।१२ | नुवाकोट १ र २ लाई मु.ऐ.चोरीको १४(१) को सजायमा बालबालिका सम्बन्धी ऐनको दफा ११(२) बमोजिम सजाय र अरुलाई चोरीको १४(१) बमोजिम सजाय गरी बिगो भराउने | २०७२।३।२२ | नुवाकोट १ र २ लाई जनही २/२ महिना कैद, अन्य प्रतिवादीलाई जनही ९ महिना कैद र बिगो कायम हुन आएको रकम रु १,०४,३६५।— को डेढीले हुन आउने रु १,५६,५४७।५० पैसा जनही जरिवाना | नाबालक लाई पटके कायम गरेको |

| सि. नं. | जिल्ला | जाहेरवालाको नाम | प्रतिवादी सम्बन्धी विवरण | | | | मुद्दाको नाम | वारदात मिति | घटनाको संक्षिप्त तथ्य | घटनामा सावित वा ईन्कार | अभियोजन मिति | मागदावी | शुरु फैसला मिति | फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा संख्या | नावालक प्रतिवादीको | | | | | | | | | | | |
| | | | | नाम थर | लिंग | उमेर | | | | | | | | | |
| ३८. | नुवाकोट | परिवर्तित नाम समुन्द्रटार (κ) | १ | परिवर्तित नाम समुन्द्रटार (ट) | पु | १४ | ज.क. | २०७३।८।१८ | जाहेरवालाको गोठमा प्रतिवादीले पिडित समुन्द्रटार (ङ) लाई ललाई फकाई जबरजस्ती करणी गरेको । | दुवैमा सावित | २०७३।९।१४ | मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. को सजायमा बाल बालिका सम्बन्धि ऐन २०४८ को दफा ११ को (३) बमोजिम सजाय गरी १० नं बमोजिम क्षतिपुर्ति भराइ दिने | . | फैसला नभएको | |
| ३९. | काठमाण्डौ | प्रहरी प्रतिवेदन | २ | मनिज वि.क. | पु | १६ | लागु औषध | २०७४।१०।५ | प्रतिवादीहरुबाट गाँजा ३ सय ग्राम, सिरिन्ज ४ थान फेला परेको | अनुसन्धानमा सावित अदालतमा ईन्कार | २०७४।१०।३१ | लागू औषध नियन्त्रण ऐन २०३३ को दफा ४ को क र ख को कसूरमा ऐ.ऐनको दफा १४ (१) (घ) (२) र (ज) बोजि सजाय | . | फैसला नभएको | |
| ४०. | काठमाडौं | प्रहरी प्रतिवेदन | ५ | भरत परियार | पु | १६ | सरकारी छाप दस्तखत किर्ते र चोरी | २०७४/१२/३० | मकवानपुर,चितवन पर्सा लायतका जिल्लाहरुबाट मो.सा चोरी गरि सरकारी दर्ता किताव समेत किर्ते गरि बिक्री वितरण गरेको | दुवैमा सावित | २०७५/१/३१ | मुलुकि ऐन किर्ते कागजको महलको १, ९, र १२ को कसूरमा ९ र १२ बमोजिम सजाय र मुलुकी ऐन चोरीको महलको १ र १२ को कसूरमा १२ बमोजिम सजाय र ऐ. २१ र २४ बोजिम समेत हुन | . | फैसला नभएको | |

| सि. नं. | जिल्ला | जाहेरवालाको नाम | प्रतिवादी सम्बन्धी विवरण | | | | मुद्दाको नाम | वारदात मिति | घटनाको संक्षिप्त तथ्य | घटनामा सावित वा ईन्कार | अभियोजन मिति | मागदावी | शुरु फैसला मिति | फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा संख्या | नावालक प्रतिवादीको नाम थर | लिंग | उमेर | | | | | | | | | |
| ४१. | काठमाडौं | सागर कार्की | १ | राजु श्रेष्ठ भन्ने राजु पौडेल | पु | १६ | जबरजस्ति चोरी | २०७४/१२/३० | हायात गेट अगाडी प्रतिवादीले जाहेरवालालाई कुटपिट गरि जबरजस्ति मोवाईल खोसी लेगेको | अनुसन्धानमा सावित अदालतमा ईन्कार | २०७५/१/२५ | मुलुकी ऐन चोरीको महलको १ नं. को कसूरमा १४ (२) नं. बमोजिम सजाय र ऐ. २१ बोजिम समेत हुन | | फैसला नभएको | |
| ४२. | काठमाडौं | दिनेश पन्त | ५ | सानुभाई भन्ने कविन्द्र बोहरा | पु | १६ | चोरी | २०७४/१२/१३ | जाहेरवालाको न्यूरोड स्थित पसलबाट जाहेरवालाको मोवाईलसमेतको सामान चोरी गरि लगेको | दुवैमा साविती | २०७५/१/२१ | मुलुकी ऐन चोरीको महलको १ र १२ नं. को कसूरमा १२ नं. बमोजिम सजाय र ऐ. २१ बोजिम समेत हुन | | फैसला नभएको | |
| ४३. | काठमाडौं | योगेन्द्र बहादुर राउत | १ | रवि तामाङ | पु | १६ | चोरी | २०७४/१२/३० | जाहेरवालाको खल्तिमा राखेको २७,५०० पर्ने वाईल चोरी गरि लगेको | अनुसन्धानमा सावित अदालतमा ईन्कार | २०७५/१/२४ | मुलुकी ऐन चोरीको महलको १ नं. को कसूरमा १२ नं. बमोजिम सजाय र ऐ. १० (३) नं.बोजिम समेत हुन | | फैसला नभएको | |
| ४४. | काठमाडौं | ठुलो भाई तामाङ | १ | धनकुमारी तामाङ | म | १६ | कर्तव्य ज्यान | २०७३/६/२८ | प्रतिवादीको मानसिक अवस्था ठिक नभएकोमा वर्ष २ को छोरा मृत अवस्थामा खोलामा फालेको भन्ने | फरार | २०७३/६/७ | मुलुकी ऐन ज्यान सम्बन्धि महलको १ र १३(३) को कसूरमा १३(३) बमोजिम सजाय | | फैसला नभएको | |

| सि. नं. | जिल्ला | जाहेरवालाको नाम | प्रतिवादी सम्बन्धी विवरण | | | | मुद्दाको नाम | वारदात मिति | घटनाको संक्षिप्त तथ्य | घटनामा सावित वा ईन्कार | अभियोजन मिति | मागदावी | शुरु फैसला मिति | फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा संख्या | नावालक प्रतिवादीको | | | | | | | | | | | |
| | | | | नाम थर | लिंग | उमेर | | | | | | | | | |
| ५५. | काठमाडौं | जानुका काफ्ले | ४ | सौरभ महर्जन | पु | १६ | नगाबजनी चोरी | २०७३/९/२४ | जाहेरवालीको घरभित्र पसि Acer laptop थान १ र झोला समेत चोरी गरेर लगेको | अनुसन्धानमा सावित अदालतमा ईन्कार | २०७३/१०/२० | मुलुकी ऐन चोरीको महलको १ र ३ नं. को कसूरमा १४(१) नं. बमोजिम सजाय र २४ बमोजिम समेत हुन | | फैसला नभएको | |
| ५६. | काठमाडौं | धन कुमारी महर्जन | ५ | सकेत नाम गौसला कुमारीगाल क-१५, | बालक | १५ | ज्या.मा.उ | २०७३/१०/९/ | जाहेरवालाको छोरालाई मार्ने नियतले पाईप र धारिलो अतियारले जथाभावि हानेको | अनुसन्धानमा सावित अदालतमा ईन्कार | २०७३/११/३ | मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ र १५ नं. को कसूरमा १५ णं. बमोजिम सजाय | | | |
| ५७. | काठमाडौं | प्रहरी प्रतिवेदन | ४ | समिर अन्सारी भन्ने हुसेन मिया | बालक | १६ | खैरो हिरोइन | २०७३/९/२० | प्रतिवादीहरुको साथवाट खैरो हिरोईन ५० ग्राम फेला परेको | अनुसन्धानमा सावित अदालतमा ईन्कार | २०७३/११/५ | लागू औषध नियन्त्रण ऐन २०३३ को दफा ४ को घ र च को कसूरमा ऐ.ऐनको दफा १४ (१) (झ) (१) र (२) बोजि सजाय | | | |
| ५८. | काठमाडौं | प्रहरी प्रतिवेदन | २ | बिजय कुमार पासवान | बालक | १६ | खैरो हिरोइन | २०७३/१०/१ | खैरो हिरोईन १ ग्राम र डाईजेपाम, नुरफिन र फेनारगन फेला परेको | अनुसन्धानमा सावित अदालतमा ईन्कार | २०७३/११/१० | लागू औषध नियन्त्रण ऐन २०३३ को दफा ४ को घ ङ र च को कसूरमा ऐ.ऐनको दफा १४ (१) (छ) (१) र (झ) बोजि सजाय | | | |

| सि. नं. | जिल्ला | जाहेरवालाको नाम | प्रतिवादी सम्बन्धी विवरण | | | | मद्दाको नाम | वारदात मिति | घटनाको संक्षिप्त तथ्य | घटनामा सावित वा ईन्कार | अभियोजन मिति | मागदावी | शुरु फैसला मिति | फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा संख्या | नावालक प्रतिवादीको | | | | | | | | | | | |
| | | | | नाम थर | लिंग | उमेर | | | | | | | | | |
| ४९. | सप्तरी | प.नाम शकर | १ | प नाम गणेश | पु | १६ | अप्रकृतिक मैथुन | २०७३।३।१८ | जाहेरवालीको छोरालाई प्रतिवादीले अप्राकृतिक मैथुन गरेको | अनुसन्धानमा सावित अदालतमा इन्कार | २०७३।४।१७ | मुलुकी ऐन जबरजस्ति करणी महलको १ र ९ क न. कसूरमा ३(३) र ९(क) बमोजिम सजाय र ९(क) बमोजिम क्षयतिपुर्ति दिन | - | फैसला नभएको। | |
| ५०. | सप्तरी | प नाम संकेत ४३ | १ | प नाम संकेत ४८ | पु | १२ | ज.क | २०७२।१।१३ | जाहेरवालीको नावालिक छोरीलाई प्रतिवादीले ज.क. गरेको | अनुसन्धानमा सावित अदालतमा इन्कार | २०७२।२।११ | जवरजस्ति करणी महलको १ नं. ३ (१) को कसूरमा ३(१) बमोजिम सजाय र सोही महलको १० नं। बमोजिम क्षतिपुर्ति | २०७३।१।७ | ४ महिना कैद | |
| ५१. | पर्सा | प्रहरी प्रतिवेदन | १ | अबधेश राम | पु | १६ | के.सा.ऊ | २०७१।४।५ | सार्वजनिक सडकमा होहल्ला अशान्ति गरि सवारी आवागमनमा बाधा पुर्याएकोमा प्रहरीले सम्झाईबुझाई गर्दा प्रहरी लाईनै गाली गलौज गरी कर्तव्यपालनामा बाधा पुर्याएको | अनुसन्धानमा सावित अदालतमा इन्कार | २०७१।४।१७ | केही सार्वजनिक ऐन २०२७ को दफा २ को देहाय २ को क र ख को कसुरमा ६(१) बमोजिम सजाय | २०७२।११।२१ | कसूर स्थापित भई २०० रुपैया जरिवाना | |
| ५२. | पर्सा | प्रहरी प्रतिवेदन | २ | राजा बाबु शाह | पु | १६ | के.सा.ऊ | २०७३।१।२२ | मादक पदार्थ सेवन गरी सडकमा होहल्ला गरेको प्रहरीले सम्जाउदा प्रहरीलाई गालि गलौज गरेको | अनुसन्धानमा सावित अदालतमा इन्कार | २०७३।१।२७ | केही सार्वजनिक ऐन २०२७ को दफा २ को २ को क र ज को कसुरमा ६(१) बमोजिम सजाय | २०७३।५।१३ | जनही ४ हजार जरीवाना | |

| सि. नं. | जिल्ला | जाहेरवालाको नाम | प्रतिवादी सम्बन्धी विवरण | | | | मुद्दाको नाम | वारदात मिति | घटनाको संक्षिप्त तथ्य | घटनामा सावित वा ईन्कार | अभियोजन मिति | मागदावी | शुरु फैसला मिति | फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा संख्या | नावालक प्रतिवादीको | | | | | | | | | | | |
| | | | | नाम थर | लिंग | उमेर | | | | | | | | | |
| ५३. | पर्सा | प्रहरी प्रतिवेदन | १ | जयराम जैसवाल | पु | १६ | के.सा.अ | २०७२।१।१४ | सार्वजनिक सडकमा होहल्ला अशान्ति गरि सवारी आवागमनमा बाधा पुर्याएकोमा प्रहरीले सम्झाईबुझाई गर्दा प्रहरी लाईनै गाली गलौज गरी कर्तव्यपालनामा बाधा पुर्याएको | अनुसन्धानमा सावित अदालतमा इन्कार | २०७२।१।३१ | केही सार्वजनिक ऐन २०२७ को दफा २ को २ को क र ज को कसुरमा ६(१) बमोजिम सजाय | २०७३।२।९ | कसूर कायम गरि ३०० रुपैया जरिवाना | |
| ५४. | पर्सा | अंवर सिंह राउत | २ | सिंदान्त प्रसाद यादव | पु | १६ | कुटपिट अंगभंग | २०७२।३।१९ | कुटपिट गरी अंगभंग गरेको | फरार, अदालतमा ईन्कार | २०७२।३।१० | मुलुकी ऐन कुटपिटको महलको १,२ र ६ को कसूरमा ऐ ६ बमोजिम सजाय र १८ नं. बमोजिम जथप सजाय | - | फैसला नभएको | |
| ५५. | पर्सा | प्रहरी प्रतिवेदन | ३ | जावेद आलम सलिम अन्सारी | | १६<br>१६ | लागु औषध चरेस | २०७३।३।१० | लागु औषध चरेस २० किलो बरामद भएको | अनुसन्धानमा सावित अदालतमा इन्कार | २०७३।५।१३ | लागू औषध नियन्त्र ऐन २०३३ को दफा ४ (क) को कसूरमा १४(१) (घ) (५) मा सजाय हुन र १५ बमोजिम थप सजाय र १८ बमोजिम बरामदित सामान जफत | - | फैसला नभएको | |
| ५६. | पर्सा | R को जाहेरी | २ | देवनारायण राम | पु | १५ | ज.क | २०७०।७।८ | १० वर्षकी नावालिकालाई ज.क गरेको | अनुसन्धानमा सावित अदालतमा इन्कार | २०७०।७।२४ | प्रतिवादी समेतले मुलुकी ऐन जबरजस्ती करणी महलको १ र ३ र १ र ४ को कसूर गरेकोमा ३(२) बमोजिम सजाय र १० र १०(ग) बमोजिम सजाय | - | फैसला नभएको | |

| सि. नं. | जिल्ला | जाहेरवालाको नाम | प्रतिवादी सम्बन्धी विवरण: जम्मा संख्या | नावालक प्रतिवादीको: नाम थर | लिंग | उमेर | मुद्दाको नाम | वारदात मिति | घटनाको संक्षिप्त तथ्य | घटनामा सावित वा ईन्कार | अभियोजन मिति | मागदावी | शुरु फैसला मिति | फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५७. | पर्सा | नन्दु साह | ५ | रिङ्कु कुमारी तेलिन | म | १६ | कुटपिट अंगभंग | २०६९।५।३१ | प्रतिवादीहरु समेत मिलि जाहेरवालालाई फलामको रडले गम्भिर गाईते बनाएको | फरार र अदालताम इन्कार | २०७०।३।२३ | मुलुकि ऐन कुटपिटको महलको १, २ र ५ नं. बमोजिम ६ नं. बमोजिम सजाय | २०७१।३।१७ | कुटपिटमा परिणत हुने गरी फैसला गरेको | |
| ५८. | पर्सा | प.ना D | १ | गौरि शंकर माझी | पु | १६ | ज.क | २०७०।६।२ | प्रतिवादीले २ वर्षको बालिकालाइ जबरजस्ती करणी गरेको | अनुसन्धानम ा सावित अदालतमा इन्कार | २०७०।६।१८ | मुलुकी ऐन जबरजस्ती करणी महलको १ र ३ न. को कसुरमा ३(१) बमोजिम सजाय, १० र १०(ग) बमोजिम क्षतिपुर्ति | २०७१।८।१४ | १० वर्ष कैद | |
| ५९. | पर्सा | प्रहरी प्रतिवेदन | ४ | अजय कुमार गुप्ता कलवार | पु | १५ | ला.औ गाँजा | २०७०।२।२६ | प्रतिवादी समेतको घरगोठबाट जम्मा २२ सय किलो गाँजा बरामद भएको | दुवै तर्फ इन्कार | २०७०।५।२० | लागू औषध २०३३ को दफा ४ को क को कसूरमा १४(१) (घ)(५) बमोजिम सजाय हुन र १५ बमोजिम जफत हुन | २०७१।०।१० | १ बर्ष कैद र ७५०० जरिवाना | |
| ६०. | पर्सा | प्रहरी प्रतिवेदन | १ | बब्लु कुमार यादव | पु | १६ | हातहतियार तथा खरखजाना | २०७१।१।२१ | घरको भर्याङ मुनि लुकायर राखेको अवस्थामा पेस्तोल थान १, म्यागिजिन,२, गोली ३ र खोका २ समेत बरामद भएको | अनुसन्धानम ा सावित अदालतमा इन्कार | २०७१।२।४ | हातहतियार तथा खर खजाना ऐन, २०१९ को दफा ३(२) र ५(१), द २०को २ (क) र (ग) र ३(२),दफा २०(३) (क) को कसूरमा सोही बमोजिम सजाय हुन र दफा १६ बमोजिम जफत | २०७१।१०।२२ | ९ महिना कैद ६० हजार जरिवाना | |

| सि. नं. | जिल्ला | जाहेरवालाको नाम | प्रतिवादी सम्बन्धी विवरण | | | | मुद्दाको नाम | वारदात मिति | घटनाको संक्षिप्त तथ्य | घटनामा सावित वा ईन्कार | अभियोजन मिति | मागदावी | शुरु फैसला मिति | फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा संख्या | नावालक प्रतिवादीको | | | | | | | | | | | |
| | | | | नाम थर | लिंग | उमेर | | | | | | | | | |
| ३१. | पर्सा | प्रहरी प्रतिवेदन | ३ | बिशाल बुढाथोकी | पु | १६ | ला.औ | २०७२।११।३१ | लागु औषध डाईजेपास समेत ६१० पिस फेला परेको | अनुसन्धानमा सावित अदालतमा इन्कार | २०७२।४।११ | लागू औषध नियन्त्राण ऐन,२०३३ को दफा ४(घ)(ङ)(च) को कसूरमा १४(१)(झ) बमोजिम सजाय हुन | २०७२।८।११ | जनहि दुई वर्ष ६ महिना कैद र १ लाख ५० हजार जरिवाना | |
| ३२. | पर्सा | मनोज प्रसाद कुर्मी | ७ | कृष्ण प्रसाद यादव | पु | १६ | ज्या.मा.उ | २०६३।५।१७ | जाहेरवालाको बाबुलाई ज्यान मार्ने नियतले कुटपिट गरेको | फरार अदालतमा इन्कार | २०६३।२। | मुलुकी ऐन ज्यान सम्बन्धीको १ र १५ नं. बमोजिमको कसूरमा १५ बमोजिम सजाय | २०७०।४।१३ | सफाई | |
| ३३. | पर्सा | L को जाहेरी | ३ | E<br>F,<br>G | पु<br>पु<br>पु | १४<br>१२<br>१३ | अप्राकृतिक मैथुन | २०७२।११।१७ | अप्राकृतिक मैथुन गरेको | दुवैमा सावित | २०७२।२।१३ | मुलुकी ऐन जबरजस्ति करणी महलको ब१,३,२ र ९(क) को कसूरमा सोहि बमोजिम सजाय हुन | २०७३।१।१४ | जनही १ महिना कैद गरी सजाय स्थगन ई लाई ४ बर्ष कैद र सजाय स्थगन | |
| ३४. | झापा | छको जहेरी | १ | परिवर्तित उमेश | पु | १३ | जवरजस्ती करणी | २०७४।४।२० | जाहेरवालीको वर्ष ५ क छोरीलाइ प्रतिवादीले ज.क. गरेको | फरार | २०७४।१०।१ | मुलुकी ऐन जवरजस्ती करणी महलको १ र ३(१) को कसूरमा ३(१) बमोजिम सजाय तथा ऐ.१० नं. र १० ग बमोजिम क्षतिपुर्ति | - | फैसला नभएको। | |
| ३५. | झापा | दिपक शाह | २ | प. नाम ०४-५-म | पु | १४ | चोरी | २०७४।३।१४ | प्रतिवादी समेतको मिलोमतोमा जाहेरवालाको घर कोठाको ब्रिफ्केस फुटाई भिभीन्न सामानहरु चोरी गरेको | दुवै तर्फ सावित | २०७४।४।१५ | चोरी को १ र १२ को कसूरमा १२ नं. बमोजिम सजाय १० (३) र २१ नं. बमोजिम बिगो दिलाई भराई पाउन | - | फैसला नभएको। | |

| सि. नं. | जिल्ला | जाहेरवालाको नाम | प्रतिवादी सम्बन्धी विवरण | | | | मुद्दाको नाम | वारदात मिति | घटनाको संक्षिप्त तथ्य | घटनामा सावित वा ईन्कार | अभियोजन मिति | मागदावी | शुरु फैसला मिति | फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा संख्या | नावालक प्रतिवादीको नाम थर | लिंग | उमेर | | | | | | | | | |
| ३६. | झापा | ढ को जाहेरी | १ | भोला | पु | १३ | जवर्जस्तीकरणी | २०७४।५।२० | प्रतिवादीले जवरजस्ती करणी गरेको | दुवै तर्फ सावित | २०७४।३।४ | ज.क. महलको १ र ३(१) को कसूरमा ३(१) बमोजिम सजाय र ऐ.१० नं. बमोजिम सजाय | - | फैसला नभएको। | |
| ३७. | झापा | पुलसीमान सिं बस्नेत | २ | प. नाम ०४-५-म | पु | १४ | चोरी | २०७४।३।३ | प्रतिवादी समेतको मिलोमतोमा जाहेरवालाको मोबाईल चोरी गरेको | दुवै तर्फ सावित | २०७४।४।१५ | चोरीको १ र १२ नं. को कसूरमा १२ नं. बमोजिम सजाय साथै १० दिन २१ नं. बमोजिम बिगो फिर्ता | - | फैसला नभएको। | |
| ३८. | झापा | परिवर्तित नाम प | १ | परिवर्तित नाम रवी | पु | १५ | ज.क. | २०७४।३।२३ | जाहेरवालीको वर्ष ८ की छोरीलाई ललाई फकाई जबरजस्ती करणी गरेको | दुवैमा ईन्कार | २०७४।४।१३ | मुलुकी ऐन जवरजस्ती करणी महलको १ र ३(१) को कसूरमा ३(१) बमोजिम सजाय तथा ऐ.१० नं. बमोजिम क्षतिपुर्ति भराईदिने | - | फैसला नभएको। | |

| सि. नं. | जिल्ला | जाहेरवालाको नाम | प्रतिवादी सम्बन्धी विवरण | | | | मुद्दाको नाम | वारदात मिति | घटनाको संक्षिप्त तथ्य | घटनामा सावित वा ईन्कार | अभियोजन मिति | मागदावी | शुरु फैसला मिति | फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा संख्या | नावालक प्रतिवादीको नाम थर | लिंग | उमेर | | | | | | | | | |
| ६९. | झापा | ईश्वरी प्रसाद संग्रौला | २ | प नाम हिमाल | पु | १३ | ज्मा.मा.उ | २०७४।११।८ | जाहेरवालाको छोरालाई प्रतिवादीहरुले धारिलो हतियार प्रयोग गरि मरणासन्न अवस्थामा पुर्याएको | दुवै तर्फ सावित सावित | | ज्यान सम्बन्धि महलको १ र १५ नं. बमोजिम कसुरमा सोही महलको १५ नं. बमोजि सजाय हुन र बालबालिका सम्बन्धि ऐनको दफा ११(३) बमोजिम हुन | - | फैसला नभएको। | |
| ७०. | झापा | प्रहरी प्रतिवेदन | ४ | तोर्पे<br>ताल<br>बहादुर<br>तोरण<br>तोक्मे | पु<br>पु<br>पु<br>पु | १३<br>१५<br>१४<br>१४ | कर्तव्य ज्यान | २०७३।८।२७ | जाहेरवालीको श्रीमतीलाई अज्ञात समूहले बन्दुक प्रहार गरी घाईते बनाएको र उपचार गराउने क्रममा मृत्यु भएमा उक्त घटनमा प्रयोग भएको बन्दुक प्रतिवादीहरुबाट बरामद भएको | दुवै तर्फ सावित | | ज्यान सम्बन्धि महलको १ र १३(१) नं. बमोजिम कसुरमा सोही महलको ऐन को १३(१) नं. बमोजि सजाय हुन र तोर्पे को हकमा १ र १७ को कसूरमा र १७ (३) बमोजिम | | फैसला नभएको। | |
| ७१. | झापा | ०४-६(ग) | १ | ०४-६(ग)-३ | पु | १३ | जबर्जस्ती करणी | २०७२।५।१९ | जाहेरवालीको वर्ष ८ की छोरीलाई प्रतिवादीले जबर्जस्ती करणी गरेको | दुवै तर्फ ईन्कार | २०७२।३।१४ | मुलुकी ऐन जबरजस्ति करणी महलको १ र ९ क न. कसूरमा ३(१) बमोजिम सजाय र ९(क) बमोजिम थप सजाय ९(क) बमोजिम क्षयतिपुर्ति दिन | २०७२।८।१७ | ६ महिना कैद र ५० हजार जरिवाना | सामाजिक अध्ययन प्रतिवेदन रहेको |
| ७२. | झापा | क-५ | १ | सी — १ | पु | १२ | जवर्जस्ती करणी उद्योग | २०७१।११।१४ | जाहेरवालाकी ५ बर्षीया छेरीलाई नजिकै को जंगलमा लगी करणी गरी कसैलाई भनेमा मार्ने घम्की दिएको | दुवै तर्फ ईन्कार | २०७१।१२।१ | जवर्जस्ती करणीको महलको ५ नं.को सजायमा बालबालिका ऐन, २०४८ को दफा ११(२) बमोजिम सजाय | २०७२।१।२० | छ महिना कैद हुने | सामाजिक अध्ययन प्रतिवेदन रहेको |

| सि. नं. | जिल्ला | जाहेरवालाको नाम | प्रतिवादी सम्बन्धी विवरण | | | | मुद्दाको नाम | वारदात मिति | घटनाको संक्षिप्त तथ्य | घटनामा सावित वा ईन्कार | अभियोजन मिति | मागदावी | शुरु फैसला मिति | फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा संख्या | नावालक प्रतिवादीको | | | | | | | | | | | |
| | | | | नाम थर | लिंग | उमेर | | | | | | | | | |
| ७३. | झापा | प | १ | सी - २ | पु | ११ बर्ष | अप्राकृतिक मैथुन (ज.क.) | २०७१।११।२८ | प्रतिवादीले पीडिताको कट्टु खोली मलद्वारमा तेल लगाई औला हाली दिएको | दुवै तर्फ ईन्कार | २०७१।१२।१८ | जवर्जस्ती करणीको महलको ३(१) र ९क. नं.को सजायमा बालबालिका ऐन, २०४८ को दफा ११(२) बमोजिम सजाय | २०७२।३।२३ | सफाइ | |
| ७४. | झापा | प नाम वर्ष २८ की | १ | प.नाम दिपक | पु | १४ | ज.क | २०७३।१२।३ | जाहेरवालीको नावालिक दुई छोरीलाई प्रतिवादीले ज.क. गरेको | अनुसन्धानमा सावित अदालतमा इन्कार | २०७४।१।३ | जवरजस्ति करणी महलको १ नं. ३ (१) को कसूरमा ३(१) बमोजिम सजाय र सोही महलको १० नं। बमोजिम क्षतिपुर्ति | - | फैसला नभएको। | सामाजिक अध्ययन प्रतिवेदन छ |
| ७५. | झापा | प.नाम बिरेन्द्र | १ | प नाम ईलाम ब | पु | १२ | ज.क | २०७२।३।१२ | प्रतिवादिले जाहेरवालीको छोरीलाई ज.क गरेको | अनुसन्धानमा सावित अदालतमा इन्कार | २०७२।४।१ | जवरजस्ति करणी महलको १ नं. ३ (१) को कसूरमा ३(१) बमोजिम सजाय र सोही महलको १० नं। बमोजिम क्षतिपुर्ति | २०७२।१०।२१ | कसूर स्थापित गरी ४ महिना कैद र ५० हजार क्षतिपुर्ति | |
| ७६. | मोरङ | बेलबारी य १ | १ | सांकेतिक नाम राम | पु | १५ | ज.क | २०७३।११।२९ | जाहेरवालीको मानसीक रुपमा सुस्त छोरीलाई प्रतिवादीले ज.क. गरेको | अनुसन्धानमा सावित अदालतमा इन्कार | २०७४।२।१४ | जवरजस्ति करणी महलको १ नं. ३ (२) को कसूरमा ३(२) बमोजिम सजाय र सोही महलको १० नं। बमोजिम क्षतिपुर्ति | - | फैसला नभएको। | |

| सि. नं. | जिल्ला | जाहेरवालाको नाम | प्रतिवादी सम्बन्धी विवरण | | | | मुद्दाको नाम | वारदात मिति | घटनाको संक्षिप्त तथ्य | घटनामा सावित वा ईन्कार | अभियोजन मिति | मागदावी | शुरु फैसला मिति | फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा संख्या | नावालक प्रतिवादीको | | | | | | | | | | | |
| | | | | नाम थर | लिंग | उमेर | | | | | | | | | |
| ७७. | मोरङ | बेलबारी प | १ | प ना दिपमान | पु | १५ | ज.क | २०७३।१२।१४ | जाहेरवालीको छोरीलाई प्रतिवादीले ज.क. गरेको | अनुसन्धानमा सावित अदालतमा इन्कार | २०७४।१।११ | जवरजस्ति करणी महलको १ नं. ३ (१) को कसूरमा ३(१) बमोजिम सजाय र सोही महलको १० नं। बमोजिम क्षतिपुर्ति | २०७४।५।२३ | कसुर स्थापि भई ५ वर्ष कैद र २० हजार रुपैया क्षतिपुर्ति | |
| ७८. | मोरङ | चौकिघाट क | २ | प नाम माहादेवा ए<br>महादेवा वी | पु<br>पु | १२<br>१२ | ज.क | २०७१।३।२९ | प्रतोवादीहरुले जाहेरवालीको छोरीलाई प्रतिवादीले ज.क. गरेको | अनुसन्धानमा सावित अदालतमा इन्कार | २०७१।४।२१ | जवरजस्ति करणी महलको १ नं. ३ (१) को कसूरमा ३(१) बमोजिम सजाय र सोही महलको १० नं। बमोजिम क्षतिपुर्ति र ऐ. ४ नं. र ३(क ) बमोजिम थप सजाय हुने | २०७१।११।११ | ३ महिना कैद ठहर | |
| ७९. | मोरङ | प नाम DD | १ | DDD कुमार | पु | १४ | ज.क | २०७१।४।२१ | प्रतोवादीहरुले जाहेरवालीको वर्ष ७ की छोरीलाई ज.क. गरेको | अनुसन्धानमा सावित अदालतमा इन्कार | २०७१।५।१५ | जवरजस्ति करणी महलको १ नं. ३ (१) को कसूरमा ३(१) बमोजिम सजाय र सोही महलको १० नं। बमोजिम क्षतिपुर्ति | २०७२।३।३० | कसूर स्तापित गरी २ वर्ष ६ महिना कैद | |
| ८०. | मोरङ | EE कुमारी | १ | EEEकुमार | पु | १४ | ज.क उद्योग | २०७१।५।१ | प्रतिवादीले जाहेरवालीको छोरीलाई ज.क.उ गरेको | अनुसन्धानमा सावित अदालतमा इन्कार | २०७१।५।२३ | मुलुकी ऐन जबरजस्ती करणी महलको १ र ५ न. को कसुरमा ३(१) (५ )बमोजिम सजाय | २०७१।१०।१३ | सफाई | |

| सि. नं. | जिल्ला | जाहेरवाला को नाम | प्रतिवादी सम्बन्धी विवरण | | | | मुद्दाको नाम | वारदात मिति | घटनाको संक्षिप्त तथ्य | घटनामा सावित वा ईन्कार | अभियोजन मिति | मागदावी | शुरु फैसला मिति | फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा संख्या | नावालक प्रतिवादीको | | | | | | | | | | | |
| | | | | नाम थर | लिंग | उमेर | | | | | | | | | |
| ८१. | मोरङ | प नाम सर्मिला | १ | सांकेतिक नाम A | पु | १३ | अप्राकृतिक मैथुन | २०७१।१०।२३ | जाहेरवालाको वर्ष ६ को छोरोलाई प्रतिवादीले अप्राकृतिक मैथुन गरेको | दुवै तिर सावित | २०७१।११।१२ | मुलुकी ऐन जबरजस्ति करणी महलको १ र ९ (क) न. कसूरमा ३(१) बमोजिम सजाय र ९(क) बमोजिम थप सजाय ९(क) बमोजिम क्षयतिपुर्ति दिन | २०७२।१।७ | ६ महिना कैद हुनेमा सजाय स्थगन | |

## ३.२ तथ्यको विश्लेषण

देशका विभिन्न १४ वटा जिल्लावाट प्राप्त भएका ८१ वटा १६ बर्षसम्म उमेर भएका बालबालिका संलग्न भएका मुद्दाहरुलाई उपलब्ध भएसम्मका कागजातको आधारमा माथी शिर्षक ३.१ मा तथ्यहरुलाई तालिकिकरण गरिएको छ । सो तालिकामा उल्लेखित तथ्यलाई विभिन्न तरिकाले, जस्तो कि प्रदेशगत रुपमा अपराधको संख्या र विषय, बालबालिकाको उमेर समूह र लिङ्गका आधारमा अपराधको प्रकृतिमा संलग्नता, नाबालकमात्र संलग्न रहेका वा वयस्कसंग मिलेर गरेको अपराधको विवरण, वारदात, अभियोजन र फैसलाको तुलना, अपराधको सम्बन्धमा स्वीकारोक्ति वा ईन्कारीको अबस्था, कसूर कायम वा सफाइ आदि विभिन्न आधारवाट तथ्यको विश्लेषण गरी अपराधको प्रवृत्ति पत्ता लगाउने प्रयास गरिएको छ ।यसरी विभिन्न आधारमा तथ्यलाई देहाय बमोजिम पुनर्तालिकिकरण गरी यसको शब्द र चित्रवाट समेत विश्लेषण गरि नतिजा निकाल्ने प्रयास गरिएको छः


### ३.२.१ प्रदेशगत रुपमा अपराधको संख्यात्मक स्वरुप


(तालिका — २)

| प्रदेश नं. | ज्यान सम्बन्धी | चोरी सम्बन्धि | करणी सम्बन्धी | लागू औषध | के.सा.अ. | हातहतियार | सवारी सम्बन्धी | बहुविवाह | वन पैदावार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | २ | १४ | - | - | - | - | - | - | १८ |
| २ | ३ | - | ५ | ३ | ३ | १ | - | - | - | १५ |
| ३ | ३ | ७ | २ | ३ | - | - | - | - | - | १५ |
| ४ | २ | ६ | ३ | ३ | १ | - | १ | - | - | १६ |
| ५ | १ | - | २ | १ | - | - | - | - | - | ४ |
| ६ | १ | - | - | - | ५ | - | - | - | १ | ७ |
| ७ | - | १ | ३ | १ | - | - | - | १ | - | ६ |
| जम्मा | १२ | १६ | २९ | ११ | ९ | १ | १ | १ | १ | ८१ |

**प्रष्टिकरणः-** माथीको तालिकामा, **ज्यानसंग सम्बन्धित** अन्तरगत — कर्तव्य ज्यान, आवेश प्रेरीत ज्यान, भवितब्य ज्यान, ज्यान मार्ने उद्योग, कुटपिट अंगभंग सम्बन्धी मुद्दा संलग्न छन् । **चोरी** अन्तरगत — डाँका लगायत सवै प्रकृतिका चोरी मुद्दा संलग्न छन् । **करणी** अन्तरगत — जवर्जस्ती करणी, जबर्जस्ती करणी उद्योग, अप्राकृतिक मैथुन समेतका मुद्दा संलग्न छन् । **सवारी** अन्तरगत — सवारी ज्यान तथा सवारी अंगभंग मुद्दा संलग्न छन् ।

अध्ययन गरिएका ८१ थान मुद्दा मध्ये सवै भन्दा वढी १८ थान प्रदेश नं. १ का र सवै भन्दा कम प्रदेश नं. ५ का ४ थान रहेका छन् । मुद्दाका विषयका हिसावले करणी सम्बन्धी सवै बन्दा वढी २९ थान र सवै भन्दा कम हातहतियार, सवारी, बहुविवाह र वन पैदावार १/१ थान रहेका छन् । प्रदेशगत मुद्दाको संख्याको वितरणलाई देहायको चित्रवाट यसरी प्रस्तुत गरिएको छ ।


प्रदेशगत रुपमा बालबालिका संलग्न अपराधको संख्या
१८
१५
१५
१६
४
७
६
प्रदेश १
प्रदेश २
प्रदेश ३
प्रदेश ४
प्रदेश ५
प्रदेश ६
प्रदेश ७



प्रदेशगत रुपमा बालबालिका संलग्न अपराधको स्थिति
२
१४
२
३
५
३
३
३
२
७
३
२
३
६
३
१
१
२
१
१
५
३
१
१
प्रदेश नं. १
प्रदेश नं. २
प्रदेश नं. ३
प्रदेश नं. ४
प्रदेश नं. ५
प्रदेश नं. ६
प्रदेश नं. ७
ज्यान
करणी
चोरी
लागू औषध
के.सा.अ.

### ३.२.२ उमेर समूह/ लिंग अनुसार अपराधको प्रकृतिमा संलग्नता

(तालिका — ३)

| उमेर समूह तथा लिङ्ग | लिङ्ग | ज्यान सम्बन्धी | चोरी सम्बन्धि | करणी सम्बन्धी | लागू औषध | के.सा.अ. | हातहतियार | सवारी | बहुविवाह | वन पैदावार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० बर्ष देखि १४ बर्ष मुनीका उमेर समूह | बालक | २ | ८ | १४ | २ | - | - | - | - | - | २६ |
| | बालिका | - | - | - | - | - | - | - | - | - | - |
| १४ बर्ष देखि १६ बर्ष मुनिका उमेर समूह | बालक | ८ | ९ | १७ | ४ | ६ | - | - | - | - | ४४ |
| | बालिका | - | - | - | - | - | - | - | - | - | - |
| १६ बर्ष उमेर समूह | बालक | ७ | ५ | ५ | ९ | ६ | १ | १ | - | १ | ३५ |
| | बालिका | २ | - | - | - | - | - | - | १ | - | ३ |
| **जम्मा** | **बालक** | **१७** | **२२** | **३६** | **१५** | **१२** | **१** | **१** | **-** | **१** | **१०५** |
| | **बालिका** | **२** | **-** | **-** | **-** | **-** | **-** | **-** | **१** | **-** | **३** |

माथीको तालिकावाट १४ देखि १६ बर्ष मुनी उमेर समूहका बालक तुलनात्मक रुपमा आपराधिक कार्यमा बढी संलग्न रहेको र अपराधमा पनि करणी सम्बन्धी अपराध धेरै रहेको पाइयो । यस पछि दोस्रो क्रममा १० देखि १४ बर्ष मुनीका बालक कानूनको द्वन्द्वमा परेका छन् । अपराधको हकमा चाँही करणी सम्बन्धी नै देखिन्छ । बालिकाको अपराधमा संलग्नताको अनुपात ज्यादै कम देखिन्छ । ज्यान सम्बन्धीमा २ जना र बहुविबाहमा १ जना १६ बर्षिया बालिकाको अपराधमा संलग्नता देखियो । कुरकुरे बैंसको उमेर र यौन शिक्षाको प्रभावकारिताको अभावले होला विपरित लिंग प्रतिको कौतुहलताको कारणले १०-१६ उमेरका बालकहरु यौनजन्य अपराधमा संलग्नता बढी देखियो । यस पछि क्रमश.. चोरी, ज्यान, लागू औषध, के.सा.अ. जस्ता अपराधमा समेत बालकहरु संलग्न रहेको देखिएको छ । तलको चित्रवाट थप प्रष्ट पार्ने प्रयास गरिएको छः





माथी उल्लिखित अपराधमा १० — १४ मुनीका बालक २६ जना, १०- ६ बर्ष मुनिका बालक ४४ जना, १६ बर्षका ३५ जना र १६ बर्षका बालिका ३ जना संलग्न रहेको देखियो ।

## ३.२.३ नावालक मात्र संलग्न रहेका र वयस्कसंग मिलि गरेको अपराधको विवरण


**(तालिका — ४)**


| विषय | | ज्यान सम्बन्धी | चोरी सम्बन्धि | करणी सम्बन्धी | लागू औषध | के.सा. अ. | हातहतियार | सवारी ज्यान | बहुविवाह | वन पैदावार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० बर्ष देखि १४ बर्ष मुनीका उमेर समूह | नावालक मात्र संलग्न | - | २ | १२ | - | - | - | - | - | - | १४ |
| | बयस्कसंग मिलि गरेको | २ | ५ | - | १ | - | - | - | - | - | ८ |
| १४ बर्ष देखि १६ बर्ष मुनिका उमेर समूह | नावालक मात्र संलग्न | १ | १ | १३ | - | - | - | - | - | - | १५ |
| | बयस्कसंग मिलि गरेको | ३ | २ | २ | २ | - | - | - | - | - | ९ |
| १६ बर्ष उमेर समूह | नावालक मात्र संलग्न | १ | २ | २ | २ | ३ | १ | - | - | १ | १२ |
| | बयस्कसंग मिलि गरेको | ५ | ४ | - | ६ | ६ | - | १ | १ | - | २३ |
| **जम्मा** | **नावालक मात्र संलग्न** | **२** | **५** | **२७** | **२** | **३** | **१** | **-** | **-** | **१** | **४१** |
| | **बयस्कसंग मिलि गरेको** | **१०** | **११** | **२** | **९** | **६** | **-** | **१** | **१** | **-** | **४०** |

माथिको तालिका बमोजिम अपराधमा संलग्न हुन नाबालकहरु वयस्कसंग मिलेर गर्ने प्रवृत्ति ज्यादै कम देखियो । बयस्कले यदाकदा नाबालकलाई प्रयोग गर्ने गरेको भन्ने भए पनि अधिकांश अपराधहरुमा नाबालक आफुहरुमात्र संलग्न हुने गरेको देखिएकोले वयस्कसंग बालकको विचार नमिल्ने भन्ने बुझिन्छ । उमेर समूहको विश्लेषण गर्दा १०-१४, १४-१६ र १६ बर्ष उमेर समूहका बालबालिकाको अपराधमा संलग्नतामा खासै फरम पाइएन तर १६ बर्ष उमेर समूहका बालबालिकाहरुमा एक्लै अपराध गर्ने भन्दा पनि आफ्नो भन्दा बढी उमेर समूहका बयस्कसंग मिलेर अपराध गर्ने प्रवृति बढि रहेको पाईयो । संलग्नता मध्ये नावालक मात्र र वयस्कसंग मिलेर गरेको अपराधको संख्यात्मक तुलना गर्दा यस्तो चित्र देखियोः




१६ बर्ष भन्दा कम उमेरका वालबालिकाहरुले एक्लै अपराध गर्ने , बयस्कसंग मिलेर गर्ने  प्रवृत्ति र १६ बर्ष उमेरका बालकले एक्लै अपराध गर्ने , आफू भन्दा माथिको उमेर समूहसंग मिलेर गर्ने  प्रवृत्तिको अवस्था हेर्दा यस्तो चित्र देखिन्छः








### ३.२.४ वारदात मिति, अभियोजन मिति र फैसला मितिको अध्ययन

**(तालिका — ५)**

| **अभियोजनको अवधीको अवस्था** | | | **मुद्दामा फैसला भएको अवधीको अवस्था** | | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| वारदात भएको ७ दिन भित्र | वारदात भएको १५ दिन भित्र | वारदात भएको १५ दिन पछि | अभियोजन गरेकै दिन / निरन्तर पछि | अभियोजन गरेको ६ महिना भित्र | अभियोजन गरेको १ बर्ष भित्र | अभियोजन गरेको १ बर्ष नाघेर | हालसम्म फैसला नभएको | |
| २ | १२ | ६५ | ३ | २२ | १८ | ८ | ३० | ४ थान मुद्दाको अभियोजन मिति स्पष्ठ हुन नसकेको |

अध्ययन गरिएका ८१ थान मुद्दाका आधारमा विश्लेषण गर्दा बालबालिका संलग्न गरेका मुद्दामा २.४७ प्रतिशत मुद्दामा मात्र अपराध घटेको ७ दिन भित्र अभियोजन गरिन्छ । ८० प्रतिशत भन्दा बढी मुद्दामा वारदात भएको १५ दिन पछि मात्र अदालतमा मुद्दा लाने गरेको र करिव १५ प्रतिशत मुद्दामा वारदात भएको १५ दिन भित्र मुद्दा चलाउने गरेको पाइयो । यो विश्लेषणले बालबालिकालाई कम भन्दा कम अवधीमात्र हिराशतमा राख्ने र वालबालिका संलग्न रहेका आपराधिक घटनामा शिघ्र अनुसन्धान तथा अभियोजन गर्नु पर्दछ अन्ने तर्फ कानून कार्यान्वयन गर्ने अधिकारी संवेदनशिल रहेको भन्ने देखिएन । त्यसै गरी मुद्दाको सुनुवाईको अवस्था हेर्दा अभियोगपत्र पेश गरेपछि निरन्तर सुनुवाई गरी १/२ दिन भित्रै फैसला गरको मुद्दा ३.७० प्रतिशत मात्र, अभियोजन गरेको ६ महिना भित्र फैसला गरेको २७.१६ प्रतिशत, अभियोजन गरेको १ बर्ष भन्दा पछि फैसला गरेको ९.८८ प्रतिशत र हालसम्म पैसला नै नगरेको ३७।०३ प्रतिशत मुद्दा रहेको देखिएकोले अदात पनि बालबालिका प्रति संवेदनशिल छ बनेर भन्न सकिने प्रमाण रहेन । यहि कुरालाई सचित्र यसरी प्रस्तुत गरियोः





### ३.२.५ अपराधको सम्बन्धमा स्वीकारोक्ति वा ईन्कारीको अवस्था


**(तालिका — ६)**

| सि.नं. | उमेर समूह | लिङ्ग | अनुसन्धानमा | | | | मुद्दा हेर्ने अधिकारी समक्ष | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सावित | ईन्कार | फरार | जम्मा | सावित | इन्कार | फरार | जम्मा |
| १ | १० बर्ष देखि १४ बर्ष मुनीका उमेर समूह | बालक | २१ | ४ | १ | २६ | १४ | ११ | १ | २६ |
| | | बालिका | - | - | - | - | - | - | - | - |
| २ | १४ बर्ष देखि १६ बर्ष मुनिका उमेर समूह | बालक | ३६ | ८ | - | ४४ | २१ | २३ | - | ४४ |
| | | बालिका | - | - | - | - | - | - | - | - |
| ३ | १६ बर्ष उमेर समूह | बालक | ३१ | - | ४ | ३५ | १५ | १९ | १ | ३५ |
| | | बालिका | १ | - | २ | ३ | - | २ | १ | ३ |
| | **जम्मा** | **बालक** | ८८ | १२ | ५ | १०५ | ५० | ५३ | २ | १०५ |
| | | **बालिका** | १ | - | २ | ३ | - | २ | १ | ३ |

अध्ययन गरिएका ८१ थान मुद्दाका तत् तत् उमेर समूहका बालबालिकालाई शत प्रतिशत मानी विश्लेषण गर्दा १० बर्ष देखि १४ बर्ष मुनीका उमेर समूहका २६ बालक मध्ये ९२.३० प्रतिशत अनुसन्धानमा सावित भएका छन् भने अदालतमा गएर ५३.८४ प्रतिशत मात्र सावित छन् । त्यस्तै १४ बर्ष देखि १६

बर्ष मुनिका उमेर समूहका ४४ जना बालक मध्ये ८१.८१ प्रतिशत बालक अनुसन्धानमा सावित छन् भने अदालतमा जाँदा यो सावितीको प्रतिशत ४७.७२ मा झरेको छ । त्यस्तै १६ बर्ष उमेर समूहका ३२ जना बालबालिका मध्ये अनुसन्धानमा बयान गर्दा शत प्रतिशत सावित छन् भने अदालतमा पुग्दा साविती ४६.८७ प्रतिशतमा झरेको छ । अनुसन्धानको क्रममा बालबालिकालाई जबर्जस्ती साविती गराइन्छ भन्ने कुरामा विश्वास गर्न सकिदैन तथापी यस सम्बन्धमा सरकारी वकील र सम्बन्धित अनुसन्धान अधिकारी थप संवेदनशिल हुन जरुरी छ । त्यस्तै अदातमा गएर ईन्कारी बयान गर्दा कसुरवाट वच्न सकिन्छ भन्ने गलत धारणा र ईन्कारी वयान गर्न दिने सल्लाहलाई कसरी सुधार गर्ने, नीजि कानून व्यवसायी समेतले विचार गर्नु पर्ने अवस्था छ । अन्यथा बालकको अपराधना संलग्नतालाई कम गर्नुको सट्टा झन प्रेरणा मिल्ने हो कि ? सोच्न जरुरी छ । अनुसन्धान र अदालतमा बालबालिकाले गरेको वयानको फरकपनलाई यसरी चित्रण गर्न सकिन्छ ।





### ३.२.६ कसूर कायम र सफाइ भएका मुद्दाको अवस्था

(तालिका ७)

| सि.नं. | उमेर समूह | लिङ्ग | कसूर कयम | सफाई | फैसला नभएको | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १० बर्ष देखि १४ बर्ष मुनीका उमेर समूह | बालक | १० | ४ | ५ | |
| | | बालिका | - | - | - | |
| २ | १४ बर्ष देखि १६ बर्ष मुनिका उमेर समूह | बालक | १६ | ३ | १२ | |
| | | बालिका | - | - | - | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | १६ बर्ष उमेर समूह | बालक | १३ | २ | १३ | |
| | | बालिका | १ | १ | १ | |
| जम्मा | | **बालक** | ३९ | ९ | ३० | |
| | | **बालिका** | १ | १ | १ | |

अध्ययन गरिएका जम्मा ८१ थान मुद्दामा ४० वटा अर्थात ४९.३८ प्रतिशत मुद्दामा मसूर कायम भएको छ, मात्र १२.३४ प्रतिशत मुद्दावाट बालबालिकाले सफाइ पाएका छन् भने ३८.२७ प्रतिशत मुद्दामा फैसला हुनै बाँकी छ । अदालतमा वयान गर्दा ईन्कार रहदैमा सफाइ पाउने होईन भन्ने तथ्य तालिका छ र यो तालिकाले पुष्टि गर्दछ । उमेर समुह अनुसार कसुर कायम र सफाइ तथा फैसला हुन बाँकि रहेका मुद्दालाई यसरी चित्रण गरौः



# भाग चार
# अध्ययनको निचोड तथा सुझाव

बालबालिका देशका भविष्यका कर्णधार हुन । स्वच्छ, सक्षम, सबल र शिक्षित बालबालिका नै समुन्नत राष्ट्र निर्माणका पूर्वाधार हुने कुरामा द्विविधा हुन सक्दैन । बालबालिकालाई सक्षम, सवल र सदाचारी वनाउने कार्यमा परिवार, समाजका साथै समग्र राष्ट्रको जिम्मेवारी हुन्छ । कुलत, कुसंस्कार र अपहेलना आदि विभिन्न कारणले बालबालिकाहरु कानून विपरितका कार्यमा संलग्न हुनसक्ने भएकाले वालबालिकावाट कानूनको उल्लङ्घन हुन नपाउने वतावरणको निर्माणका लागि बालबालुकाको हक अधिकारको संरक्षण र सम्बर्धन गरी उनीहरुलाई सहि बाटोमा डोहोऱ्याउन स्पष्ट कानून, राष्ट्रिय नीति व्यवहार र समयानुकूलको बालन्याय प्रणाली अबलम्बन गर्नु पर्दछ । अपराध विहिन समाजको परिकल्पना गर्न नसकिएसंगै त्यस्तो आपराध कार्य बालबालिकावाट हुदैन भन्न सकिदैन । बालकले गरेको अपराधलाई अपराध नभनि कानूनको द्वन्द्वमा परेका बालक भन्नुको पछाडि बालबालिकाले किन, कस्ता प्रकृतिका अपराध गर्दछन् र बालबालिकालाई कानूनको द्वन्द्ववाट वचाउन के कस्ता उपायको अबलम्बन गर्नु पर्दछ भनी बालबालिकाले गरेका अपराधको अध्ययन गरी निश्कर्ष निकाल्न आवश्यक छ ।

महान्यायाधिवक्तालाई नेपालको संविधानले सरकारवादी भई चल्ने मुद्दामा भविश्यमा गर्नु पर्ने सुधार अपराधका प्रवृत्तिको विवरण समेतको प्रतिवेदन बुझाउनु पर्ने दायित्व सुम्पिएको सन्दर्भमा अपराधको प्रवृत्ति अध्ययन गर्न महान्यायाधिवक्ताको कार्यालयमा अपराधशास्त्रिय अनुसन्धान केन्द्रको स्थापना गरिएको हो । सो केन्द्रलाई जीवन्त बनाई राख्न महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चबर्षिय रणनीतिक योजनाको कार्यान्वयनको सन्दर्भमा स्वीकृत बार्षिक कार्यक्रममा अपराधको प्रवृत्ति विश्लेषण गरी अध्ययन प्रतिवेदन तयार गर्ने स्वीकृत कार्यक्रम अनुरुप कार्यदल गठन गरिएको हो । कार्यदलले १६ बर्षसम्म उमेर भएका बालबालिका संलग्न रहेका अपराधको अध्ययन गर्ने निर्णय गरे बमोजिम देशको सवै भूगोललाई समेटने गरी सातवटै प्रदेशका ३/३ जिल्ला नमूनाको रुपमा छनौट गरी ती जिल्लाहरुमा चालु हालतमा रहेका र भरखरै फैसला भइ पुनरादेन सम्बन्धि कारबाही गर्न मिशिल माथिल्लो कार्यालयमा पठाई नसकेका मुद्दाहरुको महत्वपूर्ण कागजातहरुको फोटोकपी पठाउन अनुरोघ गरे बमोजिम विभिन्न १४ जिल्लावाट ८१ वटा फाइल प्राप्त गरी ती फाईलहरुको अध्ययन गऱ्यो । सो अध्ययनको आधारमा कार्यदलले देहाय बमोजिम अध्ययनको निचोड निकालेको छः

## निचोड

१. १६ बर्षसम्म उमेर समूह रहेका बालबालिकाहरु संलग्न रहेका कूल ८१ वटा अपराधहरुमा विभिन्न ९ वटा विषयका अपराधमा बालबालिकाहरु संलग्न रहेको भेटियो । ती विषयमा करणी सम्बन्धी (२९), चोरी सम्बन्धि (१६), ज्यान सम्बन्धी (१२), लागू औषध सम्बन्धी (११), केहि सार्वजनिक अपराध (९) र सवारी, बहुविवाह र वन सम्बन्धी (१/१) क्रमश रहेका छन् ।

२. उल्लिखित अपराधहरुमा १० बर्ष देखि १४ बर्ष उमेर नपुगेका बालक २६ जना, १४ बर्ष देखि १६ बर्ष उमेर नपुगेका बालक ४४ जना र १६ बर्षका बालक ३५ जना र बालिका ३ जना गरी जम्मा १०८ जना बालबालिका संलग्न रहेको देखियो ।

३. सवै मिशिलमा बालबालिकाको उमेर यकिन हुने कागजात राखेको पाइएन, जाहेरी वा बयानमा उल्लेख गरेको उमेरकै आधारमा अभियोजन गरेकोमा एउटा मुद्दामा १४ बर्षको बालकलाई १८ बर्ष भनी  अभियोजन गरेको कार्यलाई दुर्भाग्यपूर्ण भन्नुपर्छ ।

४. बालबालिका मात्र भएका मुद्दा र बालबालिका वयस्कसंग संलग्न भइ गरेको कानून निषेधित कार्यमा बालन्याय कार्यविधिको पालना गरिएको छ भनी पाटि हुने कागजातको सर्वथा अभाव देखिन्छ । बालबालिकालाई हिराशतमा नराखिकन पनि अनुसन्धान गरिएको वा हिराशतमा राख्नै पर्ने भएकाले बयस्कसंग अलग गरी बालमैत्रि वातावरणमा राखिएको भन्ने देखिने कागजात मिशिलमा रहेको अभियोग पत्रको संलग्न कागजातवाट खुल्दैन ।

५. बालबालिका संलग्न भएका मुद्दामा बालबालिकाको पहिचान गोप्य राख्नु पर्नेमा कतिपय कागजातमा बालबालिकाको बास्तबिक नाम खुलेकै पाइयो भने कतिपय कागजातमा टिपेक्सले पोतेको भए पनि गोपनियता कायम गर्ने कानूनी प्रावधानको पूर्णरुपमा पालना गरेको देखिएन ।

६. अपराध घटनामा संलग्नताको स्थिति हेर्दा १० बर्ष देखि १६ बर्ष उमेर नपुगेका समूहका बालक मात्र अपराधहरुमा संलग्न छन् । बालिका भने १६ बर्ष उमेरका २ जना ज्यान सम्बन्धी मुद्दामा र १ जना बहुविवाह मुद्दामा संलग्न रहेको भन्ने देखियो । त्यसै गरी १० बर्ष देखि १६ बर्ष उमेर नपुगेका समूहका बालक ३२ वटा घटनामा आ-आफु मात्र र १९ वटा घटनामा १६ बर्ष भन्दा बढी उमेरका व्यक्तिसंग मिली आपराधिक कार्यमा संलग्न रहेको भन्ने देखियो । १६ बर्ष उमेरका उमेरका मध्ये १२ वटामा आ-आफु मात्र र २३ वटा घटनामा बढी उमेरका व्यक्तिसंग मिली आपराधिक कार्यमा संलग्न रहेको भन्ने देखियो । १६ बर्ष उमेर भएका ३ जना मध्ये एउटा ज्यान मुद्दा एक्लैले र एक कुटपिट अंगभंग र एक बहुविबाहमा बढी उमेरका ब्यक्तिसंग मिलि अपराध गरेको भन्ने देखियो ।

७. बालबालिका संलग्न रहेका अपराधहरुमा शिघ्र अपराध अनुसन्धान गरी अभियोजन गर्ने गरेको देखिएन । अन्य सामान्य अपराध झै ८० प्रतिशत भन्दा बढी अपराधहरुमा घटना घटेको १५ दिन भन्दा बढी समय पछि मात्र अभियोजन गरिएको छ । अध्ययनले ३ वटा मुद्दामा मात्र प्रतिवादी फरार रहेको देखिएकोमा  बालबालिका संलग्न मुद्दामा सुनुवाई गर्दा ज्यादै न्यून ३ वटा मुद्दामा निरन्तर सुनुवाई पश्चात तुरुन्त फैसला गरेको, २२ वटा मुद्दामा ६ महिना भित्रै, १८ वटा मुद्दामा १ बर्ष भित्र, ८ वटा मुद्दा १ बर्ष नघाएर र ३० वटा मुद्दामा हालसम्म पनि फैसका नगरेको यथार्थताले माननीय न्यायाधीशज्यूहरु पनि बालबालिकालाई शिघ्र न्याय दिन चुकेको देखियो ।

८.  दायर गरिएका ८१ मुद्दा मध्ये  ४१ वटामा कसूर कायम भएका छन् , १० वटामा सफाई पाएका छन् , फैसला गर्दा सामाजिक अध्ययन प्रतिवेदन लिने र विचार गर्ने परिपाटी ज्यादै कममा देखियो । कतिपय घटनामा बालबालिका र बयस्क विचको सजायमा कुनै भिन्नता गरेको देखिएन भने चोरी मुद्दामा बालकलाई समेत पटकेमा सजाय गरेको पनि पाइयो ।

## सुझाव

कार्यदलले गरेको अध्ययनको निचोड सम्बन्धी बुँदाहरु उल्लेख गरिरहँदा भविष्यमा गरिनु पर्ने सुधारको लागि सुझाव समेत अप्रत्यक्ष रुपमा बोधगम्य भएको छ । कानूनमा समसामयीक रुपमा पुनरावलोकन गरी सुधार गर्नु पर्ने भन्ने सुझाव दिन सकिए पनि यो भन्दा भएको कानूनको प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने महत्वपूर्ण पक्ष रहेको छ । भइ रहेको कानूनको प्रभावकारी कार्यान्वयनको सन्दर्भमा धअययन गरिएका फाइलहरुवाट खुलेका तथ्यको आधारमा अनुसन्धान, अभियोजन र मुद्दाको सुनुवाईको क्रममा गरिनु पर्ने सुधारको लागि देहाय बमोजिम गर्न सुझाब प्रस्तुत गरिएको छः

### अनुसन्धान अधिकारीको लागि —

१. कुनै आपराधिक कार्यमा बालबालिका पनि संलग्न भएको वा बालबालिकावाट मात्र त्यस्तो घटना भएको भन्ने जानकारी वा जाहेरी परेपछि अन्य घटनाका वारेमा अनुसन्धान गर्ने पक्रियाका अतिरिक्त संलग्न भनिएको व्यक्ति बालबालिका हो, होईन भणन्ने कुरा निर्विवाद रुपमा स्थापित हुने कागजात मिशिलमा संलग्न गर्ने,

२. घटित अपराधमा बालबालिका समेत संलग्न भएको देखिने मनाशिव आधार भएमा त्यस्ता बालबालिकाको सम्बन्धमा अनुसन्धान गर्ने प्रक्रिया र विधिका वारेमा अनुसन्धान अधिकारीले सम्बन्धित सरकारी वकीलसंग परामर्श गर्ने परिपाटी विकास गरी बालन्याय सम्बन्धी कार्यविधिको पूर्ण रुपमा अबलम्बन गर्ने,

३. वास्तबमा बालबालिकाको पहिचान गोप्य राख्न चनाखो रही कर्मकाण्डी हिसावले गोपनीयता कायम गरेको जस्तो मात्र नगर्ने,

४. बालबालिकालाई भरसक हिराशतमा नराखि त्यस्ता बालबालिका कानूनको द्वन्द्वमा पर्नुको कारण, तरिका र संलग्नताको स्वरुपको यथार्थ चित्रण आउने गरी बालमैत्री वातावरणमा अनुसन्धान गर्ने, हिराशतमा नराखि नहुने भएमा यसको औचित्य पुष्टी गर्ने कागजात मिशिल संलग्न गर्नुपर्ने,

५. अनुसन्धान गरि प्रमाण संकलन गर्दा मौलिकता वचाउने वा जस्ताको त्यस्तै रुपमा आउने गरी गर्नु पर्दछ, तोडमरोड वा आफ्नो अनुकूल पार्नु हुदैन ।

६. विधिको शासनमा कसैले कानून विपरित काम गऱ्यो भने त्यसले कानून बमोजिम नै कार्बाही भोग्नु पर्ने र कानून कार्यान्वयन गर्ने अधिकारीले पनि कानूनको पूर्ण परिपलना गर्नु पर्ने भएकाले अनुसन्धानमा प्रतिशोध, तिरस्कार, द्वेशको आभाषसम्म पनि आउने कार्य गर्नु हुदैन । यति कुरालाई विचार गर्ने हो भने अनुसन्धानमा कुनै त्रुटी हुन जादैन ।

### अभियोजन कर्ताको लागि —

अनुसन्धान कै आधारमा अभियोजन गर्नुपर्ने भएकाले अनुसन्धान र अभियोजनको कार्य निरपेक्ष होइनन् । अनुसन्धानलाई प्रभावकारी वनाउने जिम्मा अभियोजनको हो ।त्यसैले अनुसन्धानको लागि सुझाव अभियोजनको लागि पनि हो । बालबालिकाको अधिकारको रक्षा गरी कसूर अनुसारको

कारबाही गराउनको लागि अभियोजनकर्ता सदैव चनाखो हुनु पर्दछ । मिशिल अध्ययनवाट देखिएका त्रुटी आगामी कार्यमा नदेखिनका लागि अभियोजनकर्तालाई देहाय बमोजिम सुझाव दिइएको छः

१. कानूनले तोकेको उमेर खुल्ने कागज बेगर साबालक वा नाबालक यकिन नगर्ने, बालवालिकाले प्राप्त गर्ने कानून बमोजिमको अधिकार अभियोजनको गल्तिले हरण हुनु हुदैन ।
२. पक्षको (बालबालिकाको पहिचान) गोपनीयता राख्ने कार्यलाई औपचारिकता ठान्नु हुदैन ।
३. कुन बालबालिकाले के कानून विपरितको कार्य गरको कारण कुन कानूनको कसूर भइ कुन कानूनले के सजाय वा सुविधा पाउने हो प्रति व्यक्ति प्रमाण र कानूनका आधारमा स्पष्ठ मागदावी लिनु पर्दछ ।
४. कानूनले नै बालबालिकालाई सहुलियत दिएको हुँदा बालबालिकाको हकमा शिघ्र अनुसन्धान गर्न लगाई हदम्यादसम्म नपर्खी छिटो अभियोजन गरी फैसला बमोजिम नै सजाय भोग्ने वतावरण तयार गरिदिनुपर्दछ ।
५. कानूनको पूर्ण रुपमा कार्यान्वयन गर्न / गराउन कुनै पनि कसर बाँकि नराख्ने ।

## मुद्दा सुनुवाईको क्रममा गर्नु पर्ने सुधार

बालबालिकाको अधिकारको रक्षाको लागि र बालन्याय प्रशासनको प्रभावकारी कार्यान्वयनको लागि अदालतको भूमिका महत्वपूर्ण हुन्छ । सरकारका निकायले गरेको गल्तीलाई समयमै सुधार गर्न अदालतले त्रुटी औंल्याई दिन र सुधारको लागि आदेश जारी गर्न सक्दछ । अहिलेको परम्परागत कार्य शैलीलाई परिवर्तन गर्न केहि वुँदाहरुमा सुझाव दिइएको छ;

१. अनुसन्धानको क्रममा हिराशतमा राख्न आवश्यक नभएको खण्डमा हिराशतमा राख्ने म्याद थप नगर्ने,
२. म्याद थपको क्रममा मिशिल कागजात अध्ययनवाट पक्षको गोपनीतया कायम गरे / नगरेको हेरी गोपनियता कायम गर्ने तर्फ ध्यानाकर्षण गराउने,
३. कानूनले अन्यथा गर्ने छुट नदिएको हुँदा बाल ईजलासवाट, बालन्याय कार्यविधि नियमावलीले निर्दिष्ट गरेको कार्यविधि अनुरुप मुद्दाको सुनुवाई गर्ने,
४. सजाय निर्धारण गर्दा कानून बमोजिमको सुविधा पाउने हकवाट बञ्चित नगर्ने,
५. आदेश वा फैसला गरेर मात्र हुदैन, गरेको आदेश / फैसलाको प्रभावकारी कार्यान्वयन भए नभएको विचार गरी कार्यान्वयन गर्न लगाउने,

# भाग पाँच
## उपसंहार

बालबालिकाहरुवाट हुने कानून विरुद्धका काम कारबाहीलाई अपराधको रुपमा ग्रहण नगरी सामान्य गल्तीको रुपमा लिई उनीहरुलाई संरक्षण, सहुलियत र हेरचाहवाट सुधार गर्दै भविष्यका सक्षम, योग्य र सवल नागरिकको रुपमा रुपान्तरण गर्ने उद्देश्य देशको बालन्याय प्रशासनले लिएको भएता पनि समाजमा आपराधिक कृयाकलापमा वृद्धि भएसंगै कानूनको द्वन्द्वमा परेका बालबालिकाको संख्यामा पनि बृद्धि हुदै गएको छ । कस्ता किसिमका अपराधजन्य कार्यमा बालबालिकाहरु संलग्न हुने गरेका छन् ? कानूनले प्रदान गरेको संरक्षण र सुविधा पाउनवाट बालबालिकाहरु बञ्चित हुन परेको छ वा छैन ? भविष्यमा के कस्ता कुरामा सुधार ल्याएमा बालबालिकाहरुलाई कानूनको द्वन्द्वबाट वचाउन सकिन्छ ? आदि विभिन्न हिसावले बालबालिका संलग्न भएका मुद्दाहरुको अध्ययन गरिएको हो । १० बर्ष देखि १६ बर्ष सम्मका अल्लारे उमेरका बालकहरु यौन शिक्षाको अभाव वा यौन कौतुहलता वा आधुनिक खुल्ला सूचना प्रविधिको गलत प्रभाव वा अन्य यस्तै कारणले यौन सम्बन्धी अपराधमा बढी संलग्न हुने गरेको तथ्याङ्कले देखाएको छ । यसका साथै चोरी, ज्यान, लागू औषध, हुलदंगा आदि जस्ता आपराधिक कृयाकलापमा समेत बालबालिकाहरु मात्रको एकल वा वयस्कसंग मिलेर आपराधिक कृया गर्ने गरेको पाईएको छ । समयमै बाल यौन शिक्षा लगायत बालकलाई कानून उल्लंघन हुनवाट रोक्न संदेशमुलक कार्यक्रम र शिक्षा दिन जरुरी छ।

बालबालिकाको सर्बोत्तम हितका खातिर अन्तराष्ट्रिय बाल अधिकार सम्बन्धी महासन्धिका महत्वपूर्ण प्रावधानहरुलाई समेटी बालबालिका सम्बन्धी ऐन, २०४८, सो को नियमावली, २०५१ लगायत बालन्याय सम्बन्धी कार्यविधि ल्याइएको भएता पनि यी कानूनहरुको प्रभावकारी कार्यान्वयन हुन नसकेको र कार्यान्वयन भए नभएको अनुगमन गर्ने प्रभावकारी संयन्त्र नभएको कारणले बालबालिकालाई कानूनको द्वन्द्ववाट बचाउने र सुधार गर्ने कार्य संतोषजनक रुपमा हुन सकेको छैन । यसै परिप्रेक्षमा महान्यायाधिवक्तको कार्यालयवाट गठित कार्यदलले बालबालिका संलग्न अपराधको बहुआयामिक पक्षको अध्ययन गरि अध्ययनको आधारमा सुधारका लागि केहि सुझाव प्रस्तुत गरिएको छ । यस कार्यले बालबालिकाको हित र बालन्याय प्रशासनमा केहि हदसम्म भएपनि टेवा पुग्ने विश्वास गरिएको छ ।